जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ४२, २०७६ साल फागुन ९ गते शुक्रबार, नेपाल संवत् ११४० (Feb. 21, 2020) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-


## माले स्थायी कमिटी बैठक

नेकपा (माले) स्थायी कमिटीको बैठक पार्टी केन्द्रीय कार्यालयमा बसेको छ । पार्टीले विभिन्न समसामयिक विषयमा छलफल गरी केही निर्णयहरु पारित गरेको छ । पार्टीले पारित गरेका निर्णयहरु एक विज्ञप्ति प्रकाशित गरी सार्वजनिक गरिएको छ । विज्ञप्तिमा भनिएको छ- 'नेकपा (माले) को स्थायी कमिटीको बैठक २०७६ फागुन ४ गते महासचिव क.सी.पी. मैनालीको **बाँकी ८ पेजमा**

## भीमेश्वरलाई पसिना आयो

जिरी । दोलखाको भीमेश्वर मन्दिरमा बिहीबार बिहान ६:४५ बजे पसिना आएको छ । मन्दिरको शिलामा पसिना आएको मन्दिरका मुख्य पुजारी काशीनारायण श्रेष्ठले बताए ।


पूजारीका अनुसार बिहान ६:४५ बजे शिलामा आएको पसिना ८:२५ बजे रोकिएको थियो । मन्दिरको शिलामा दायाँ तथा बायाँतर्फ पसिना आएको स्थानीय शान्तकृष्ण श्रेष्ठले बताए ।

भनिन्छ दोलखा भीमेश्वरलाई पसिना आए अनिष्ट **बाँकी ८ पेजमा**

# बरालिँदै कालापानी बहस

काठमाडौं । पुस महिनाको सुरुसँगै मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे चुलिन थालेको बहस अझै सकिएको छैन । सत्तारुढ दल नेकपाको स्थायी समितिको बैठकमा प्रस्तुत गरिएको अध्यक्षद्वयको राजनीतिक प्रतिवेदनमा अमेरिकी सहयोग प्रोजेक्ट मिलेनियम च्यालेन्ज कर्पोरेसन र चीनले अघि सारेको बेल्ट एन्ड रोड इनिसियटिभबीच प्रतिद्वन्द्विता र आपसमा टकराहटरहेको उल्लेख गरिएको थियो । यी दुवै अन्तर र्ाष्ट्रिय प्राजेक्टमाथि स्थायी समितिभित्र केही नीतिगत र केही वैचारिक प्रश्न उठे । पार्टीका उच्च पदस्थ व्यक्ति र बहालवाला मन्त्रीले नै प्रश्न उठाएपछि पार्टीभित्र र बाहिर तरंग विस्तार हुनु अस्वाभाविक थिएन । आखिर झलनाथ खनालको नेतृत्वमा तीन सदस्यीय एमसीसी अध्ययन कार्यदल गठन गरेर एमसीसी विवादलाई मत्थर पार्ने प्रयास गरियो ।

एमसीसीलाई लिएर अन्य सदनभित्र र बाहिर रहेका वामपन्थी शक्तिहरु सडकमै ओर्लिएका छन् । एमसीसी अमेरिकी सैन्य स्वार्थको इन्डोप्यासिफिक स्ट्राटेजीकै एक पाटो भएकाले यसलाई स्वीकार्न नहुने उनीहरुको तर्क छ । नेपालले अंगिकार गरेको असंलग्न परराष्ट्र नीति विपरीत आइपिएसमा नेपाल समावेश हुनुहुँदैन भन्ने तर्क कूटनीतिक क्षेत्र र बौद्धिक वर्गले समेत सुझाइरहेका छन् । तर सरकार एमसीसीलाई कुनै पनि हालतले सदनबाट पारित गर्न हतारो गरिरहेको छ । यसमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको समेत साथ पाएको छ सरकारले । बंगलादेश भ्रमण सकेर फर्किएलगत्तै परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको अध्ययन कार्य दलले सुझाव मात्र दिन सक्ने सदनबाट एमसीसी पारित गर्न हुने नहुने राय दिन नसक्ने बताउँदै एमसीसी सदनबाट पारित गरिने संकेत दिइसकेका छन् । एमसीसीलाई लिएर पक्ष र विपक्षमा राजनीतिक दलहरु बाँडिएका छन् । एमसीसी विवाद उत्कर्षमा पुगिरहँदा कालापानी बहस भने बरालिन थालेको छ ।




१६ कात्तिकमा भारत सरकारले जारी गरेको नयाँ राजनीतिक नक्सामा दार्चुलाको नेपाली भूमि कालापानी क्षेत्रलाई आफ्नो भनेको छ । त्यसपछि नेपालमा भारत विरोधी नारा गुञ्जन सुरु भयो । सामाजिक सञ्जाल, चिया गफ हुँदै सडक तात्न थाल्यो । ट्वीटरमा 'ब्याक अफ इन्डिया' को ट्रेन्डिङ पुनर्जीवित भयो । यसले ठ्याक्कै चार वर्षअघिको नाकाबन्दीको झल्को दियो । संविधान सभाबाट जारी संविधानप्रति असन्तुष्टि जनाउँदै भारतले नाकाबन्दी लगाएपछि नेपाली यसैगरी भारतविरुद्ध उत्रिएका थिए । नेपालभित्र उत्पन्न चौतर्फी विरोधबीच भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविशकुमारले नक्साले भारतको सार्वभौम भूभागलाई सही ढंगले चित्रण गरेको दाबी समेत गरे । तर प्राप्त सबै खाले प्रमाण सन्धि र तथ्य भन्छ- इतिहासमा कहिल्यै पनि कालापानी भारतको भूभाग थिएन ।

तथ्य के हो भने नेपाल र ब्रिटिस भारतबीच सन् १८१६ मा भएको सुगौली सन्धिमै नेपालको पश्चिम सिमाना कालीनदी कायम गरिएको थियो । सन् १८५० र १८५६ मा गरिएको सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामै लिपुलेक भन्ज्याङबाट आउने नदीलाई कालीनदी मानी सोही नदीलाई सिमाना देखाइएको छ । दुवै नक्सामा कालापानी क्षेत्र नेपालकै भूभाग थियो । सन् १८७५ पछि भने भारतीय नक्सामा कालापानीभन्दा तलको पाखा गाउँ खोलाको दक्षिणपट्टिको डाँडोलाई सिमाना देखाइयो, अनि कालापानीलाई भारततर्फ पारियो । तिब्बतमा राजनीतिक अस्थिरतासँगै सन् १९५० को दशकदेखि भारतले चीनसँग जोडिएको सीमावर्ती क्षेत्रमा चेकपोस्ट खडा गर्न थाल्यो ।

वि.सं. २०२६ सालमा भारतीय असन्तुष्टिका बाबजुद तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि बिष्टका पालामा उत्तरतर्फका अधिकांश चेकपोस्ट हटाइयो, तर कालापानीको बाँकी नै रह्यो । सन् १९६२ मा चीन भारत युद्धपछि भारत झनै सशंकित देखियो । त्यसयता नै कालापानीमा भारतीय अतिक्रमणको सुनियोजित प्रपञ्च सुरु भएको हो, जुन आजपर्यन्त जारी छ । राष्ट्रवादी भनिने राजा महेन्द्रकै पालामा कालापानी क्षेत्रमा भारतीय सुरक्षा फौज बस्न थालेका हुन् । त्यसलाई उतिबेलै राजनीतिक मुद्दा नबनाएको परिणाम नै हो आजको कालापानीको दुखिरहने घाउ । तर कालापानीको घाउलाई झन् गहिरो बनाउने काम भने ०४६ सालपछिका सरकारहरुले नै गरे ।

पछिल्लो पटक सन् १९९६ मा भारतीय प्रधानमन्त्री अटलविहारी बाजपेयीको कार्यकालमा कालापानी विवाद उत्कर्षमा पुगेको थियो । त्यसपछिका केही वर्ष कालापानीका विषयमा नेपालभित्रै पनि भारत विरोधी अभियान चल्यो । यसको नेतृत्व नेपालका वामपन्थी दलहरुले गरेका थिए । कालापानीबारे नेपाली कांग्रेसले ने आफ्नो दृष्टिकोण सार्वजनिक गरेन । भारतले गरेको भौगोलिक उपनिवेशका विरुद्ध वामपन्थी शक्तिहरुले आवाज त उठाए तर यो धेरै हदसम्म राष्ट्रवादी देखिन भारतको विरोध गर्ने प्रक्रियामै **बाँकी ८ पेजमा**

## सभ्यता सिकाउने बाँस्कोटा आफैं नांगिए

काठमाडौं । आफ्ना हरेक भाषणमा पत्रकारलाई सभ्यता र व्यवसायिकताको पाठ पढाउँदै आएका सञ्चारमन्त्री गोकुल बाँस्कोटाले आफैं अपशब्द प्रयोग गरेका छन् । उनले स्त्रीजन्य अंगको नाम वाक्यैपिच्छे लिने गरेको खुलेको छ । हालै सार्वजनिक भएको अढाइ मिनेटको अडियोमा मात्रै मन्त्री बाँस्कोटाले दुईपटक 'मु...' भनेका छन् । मन्त्रीजस्तो गरिमामय पदमा बसेको मानिसले सभ्य समाजले पचाउनै नसक्ने छाडा शब्द बोल्नु सामाजिक मर्यादा विपरीत कुरा हो ।



सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद सम्बन्धमा ७० करोड रुपैयाँ कमिसन मागेको अडियो भाइरल भएपछि सञ्चारमन्त्री गोकुल बाँस्कोटाले राजीनामा दिएका छन् ।

बिहीबार प्रतिनिधि सभामा सभामुख अग्नि सापकोटाले सञ्चारमन्त्री बाँस्कोटाले राजीनामा दिएको जानकारी गराएका हुन् । अडियो भाइरल भएसँगै प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले बाँस्कोटालाई बर्खास्त गरेर अनुसन्धान अघि बढाउन सरकारसँग माग गरेको थियो भने प्रतिनिधि सभा बैठक पनि अवरुद्ध गरेको थियो ।

सुरक्षण प्रेस खरिद प्रकरणमा स्विस एजेन्टसँग सञ्चारमन्त्री गोकुल ७४-७५ करोड कमिसनको कुरो गरेको प्रकरणसम्बन्धी अडियो यतिबेला भाइरल बनेको छ । कमिसनको लेनदेन भएको हो वा हैन भन्ने विषयमा संसदको खरिद लेखा समितिले छानबिन गर्ने भएको छ । सम्भवत: **बाँकी ८ पेजमा**

## नौ दलद्वारा सांसदहरुलाई कडा चेतावनी




काठमाडौं । भारतद्वारा अतिक्रमित नेपाली भूमि फिर्ता गराउने तथा अमेरिकासँग भएको एमसीसी सम्झौता खारेज गराउने उद्देश्यले विभिन्न खाले अन्तर्क्रिया, विरोधसभा, प्रदर्शन गरिरहेको नौ वामपन्थी दलहरुको मोर्चाले बिहीबार माइतीघर मण्डलामा भेला भई नयाँ बानेश्वरसम्म जुलुस प्रदर्शन गरेर विरोधसभामा परिणत भएको थियो । नेकपा मालेका महासचिव सीपी मैनालीको सभापतित्वमा सम्पन्न भएको विरोध सभामा नौ दलका नेताहरुले सरकारको लम्पसारवादी नीतिको चर्को **बाँकी ८ पेजमा**

## एमसीसीविरुद्ध जनसंवाद

ललितपुर । भारतद्वारा कब्जा गरिएको नेपाली भूमि फिर्ता गराउन तथा नेपालको स्वाधीनतामाथि ठाडो चुनौतीका रुपमा आएको एमसीसी सम्झौताको खारेजीको लागि संघर्षको मैदानमा उत्रिएका नौ बाम राजनीतिक दलका नेताहरुले जनतासँग प्रत्यक्ष संवाद गरेका छन् ।




फागुन ५ गते सम्पन्न भएको जनसंवाद कार्यक्रमलाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेलले ओली सरकारले दुई वर्षका बीचमा ५० वटाभन्दा बढी काण्ड घटाइसकेको भए तापनि दुईवटा विषय नेपालको राष्ट्रियता र सार्वभौमसत्तासँग गाँसिएकाले कालापानी लिम्पियाधुराको विषय र एमसीसीबारे तत्काल विरोधमा उत्रिनु परेको बताउनुभयो । नेपाली भूमिमा **बाँकी ८ पेजमा**

## प्रतिष्ठानद्वारा सामाजिक कार्यको लागि सहयोग









काठमाडौं । सुरेन्द्र ढकाल प्रतिष्ठानले गत २ हप्ताबीच दुईवटा महत्वपूर्ण आर्थिक सामाजिक कार्यहरुका लागि एक-एक लाख गरी दुई लाख अनुदान दिएको छ । अनुदान प्राप्त गरी कार्य सम्पन्न **बाँकी ८ पेजमा**

## सरकारले जनतामा आशा जगाएन

**समय-सन्दर्भ : गोविन्द विक**



प्रधानमन्त्री ओलीले प्रतिनिधि सभालाई आफनो दुई वर्ष पूरा भएको कार्यकालका उपलब्धीका बारेमा सम्मानीय सदनमार्फत देशबासीलाई जानकारी गराए । ओली नेतृत्वको सरकारका उपलब्धीका बारेमा सम्बोधन गर्दैगर्दा विगतका जस्तो ओलीमा जोस र जाँगर देखिएन । जति विगतमा जोसिला भएर हसाउने टुक्का जोडदै सदनलाई रोमान्च गराउने सम्बोधन गर्थे तर यो सम्बोधन थकित भएको गलेको जस्तो देखन्थ्यो ।

दुई वर्षमा सरकारले गरेका उपलब्धिको फेहरिस्त सुन्दा भ्रष्ट्रचार निवारणदेखि रोजगारी सिर्जना, गरिबी उन्मुलन, नयाँकानुन निर्माण, प्रतिव्यक्ति आयमा वृध्दि निर्यातमा वृद्धि, आयतमा कम, खाद्यान्नमा वृद्धि, मासु लगायतका उत्पादनमा आत्मनिर्भर, करको दायरा फराकिलो बनाएको, सडक कालोपत्रे तिब्र गतिमा भएको, कर छल्नेहरुलाई कानुनको दायरामा ल्याएको, बैदेशिक कुटनीतीमा नयाँफटको मारेको लगायतका उपलब्धीका वृतान्त सदनमा प्रस्तुत गरे ।

कुनै कुरा पनि नछुटाइकन उनले सबैकुरालाई समेटेर उपलब्धी बताइरहदा विवादिद विषयलाई अनाावश्यक रुपमा उचालियो भन्न छुटाएनन । तथ्यगत रुपम केही प्रगति गरेको देखिए तापनि जनतालाई प्रत्यक्ष सरोकार राख्ने कुरामा भने प्रगति भएको विषयमा प्रधानमन्त्रीले बोलेनन । दुई वर्ष सरकार चल्नु पनि उपलब्धी हो भन्ने कुरालाई कसरी पूष्टीगर्न सकिन्छ र ? सरकार त पाँच वर्ष चलाउन भनेर जनताले मत दिएका हुन् नि ।

सरकारले राम्रा काम गरेको तर यसलाई गलत व्याख्या गरेर अन्तर्राष्ट्रियकरण गर्नमा भुमिका खेलेको गुनासो प्रतिपक्षप्रति संकेत गर्दै उनले विगतमा भत्किएका प्वाल टाल्ने समय लागेको हुनाले पनि केही सुस्तता देखिएको कुरा इंगित त गरे तर यतिले मात्र पुग्दैन । नेपालका कुनै पनि नदीमा तुइन हुन्न भनेका थिए ओलीले तर अहिले तुइन तर्न १०० रुपैया लाग्छ भन्ने खबर कसैबाट छिपेको छैन । राष्ट्रवादी नेता मानिने ओलीका पालामा नै राष्ट्रको भूमि छिमेकीले मिचिराखेको छ ।

यता जमीन नै फिर्ता ल्याउने कुरा गर्ने उताबाट कहिले नेपालको भुमिलाई समेटेर नक्सा निकाल्ने कहिले सिमाको पिलरै गायव हुने त कहिले नेपाली भुमिमा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल)

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बढ्दो महँगी नियन्त्रण गर

दैनिक उपभोग्य वस्तुहरूमा भएको मूल्यवृद्धिले आम उपभोक्ताहरू समस्यामा परेका छन् । चामल, दाल, तेल, तरकारी सबै चिज वस्तुको मूल्य अकासिएको छ । अनुगमन गर्ने निकायले ध्यान दिन नसकेका कारण व्यवसायीहरूले मूल्यवृद्धिको लागि जस्तोसुकै हर्कत समेत गरिरहेका छन् । कुखुराको मासुको मूल्य बढाउन चल्ला र अण्डा नष्ट गरेको सनसनीपूर्ण समाचार र व्यवसायीहरूको खुलमखुला सूचना बाहिर आउँदा पनि उनीहरूमाथि कुनै कारबाही हुन सकेन । जे गर्दा पनि सरकारले आँखा चिम्लिने भएपछि बजारको नियमित सिद्धान्त विपरीतका कष्टपूर्ण खेल खेल्न कालाबजारीलाई प्रोत्साहन मिल्ने नै भयो ।

हाम्रो मुलुक कृषिप्रधान भए तापनि कृषिमा आत्मनिर्भर बन्न सकेको छैन । अर्बौंको कृषि उपज बाहिरबाट ल्याउँदा एकातिर व्यापार घाटा वृद्धि हुने भयो भने अर्कोतिर परनिर्भरता बढ्नुका साथै मूल्य समेत महँगो पर्ने नै भयो । लोककल्याणकारी राज्यको मूल दायित्व आफ्ना जनतालाई सर्वसुलभ ढंगको आपूर्ति व्यवस्था मिलाउनु पनि एक हो । सर्वसुलभ आपूर्ति व्यवस्थाको दायित्व बहन गर्न सरकारका सम्बन्धित निकाय सदासर्वदा सक्रिय बन्नुपर्ने हुन्छ । अनुगमनमा सक्रियता बढ्यो भने कृत्रिम अभाव खडा गराएर मूल्य बढाउने तत्वहरू आफैं पाखा लाग्छन् ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार महँगी गत वर्ष पुसको ४.५ प्रतिशतको तुलनामा अहिले ६.८ प्रतिशत पुगेको छ । तरकारी, सागपात जस्ता कुराहरू ४८ प्रतिशतसम्म पनि महँगा भएका छन् । दालको मूल्य अघिल्लो वर्ष घटेकोमा यसपटक १० प्रतिशतले बढेको छ । अर्थशास्त्रीय सिद्धान्तअनुसार बजारमा माग वृद्धि भयो भने मूल्यवृद्धि हुन्छ । मागभन्दा बढी वस्तु उपलब्ध भयो भने मूल्य घट्छ । तर हाम्रो बजारमा अर्थशास्त्रको सिद्धान्तभन्दा पनि बिचौलियाको हातमा मूल्यको लगाम रहेको हुन्छ । बिचौलियाका कारण वास्तविक किसान अथवा उत्पादकले उचित मूल्य पाउन सकेका हुँदैनन् । नाफा जति बिचौलियाले कुम्ल्याउने गरेका हुन्छन् । चालु आर्थिक वर्ष मूल्यवृद्धि उच्च रहने संकेत बितेको ६ महिनाले देखाइसकेको छ । अर्थमन्त्रीले संसदमा बजेट पेस गर्दा ६ प्रतिशतभन्दा मूल्य वृद्धि हुन नदिने बताएका थिए । अर्थमन्त्रीले बजेटमा व्यक्त गरेको भावनाबमोजिम मूल्यवृद्धि नियन्त्रण गर्न त्यसै बमोजिमको संयन्त्र निर्माण गर्नुपर्छ ।

खाद्य वस्तु उत्पादन गर्ने किसानको पहुँच बजारसँग जोड्न बिचौलिया होइन, भरपर्दा कृषि सहकारीहरू स्थानीय तहमै निर्माण गर्नुपर्छ । मल, बीउ, ढुवानीका साधनमा छुट, अनुदान दिने व्यवस्था गर्नुपर्छ । अहिले सरकारले दिँदै आएको कृषिको अनुदान झोलामा कृषि फर्म बोक्ने टाठाबाठाहरूले हत्याउने गरेका छन् । वास्तविक किसानले सहुलियत ऋण र अनुदान पाउन सकेका छैनन् । त्यसैले वास्तविक किसानको पहिचान गरेर अनुदानमा पहुँच बढाउन आवश्यक छ । वैज्ञानिक कृषि प्रणालीलाई प्रोत्साहन गरेर कृषिमा आत्मनिर्भर बन्ने बाटो पहिल्याउन सरकारको ध्यान जान आवश्यक छ ।

# भुत्राको जनयुद्ध : गणतन्त्र दिने त ज्ञानेन्द्र पो रहेछन



**सुरेन्द्र ढकाल**

माओवादी जनयुद्धले नेपालमा गणतन्त्र ल्यायो भनेर गत फागुन १ गते पूर्व माओवादीले जनयुद्ध दिवस मनाएका छन् । केही वर्ष अगाडिसम्म नेपालमा गणतन्त्र आउन माओवादीको हात र ज्ञानेन्द्रको लातको कारण हो भनेर प्रचण्ड आफैं भन्ने गर्थे ।

ज्ञानेन्द्रले आफ्नो हातमा सत्ता लिएर माओवादीबाहेक नेपालका अरु राजनीतिक दललाई लात हानेको कारण अरु राजनीतिक दलहरु माओवादीको शरणमा आए अनि संयुक्त आन्दोलन भयो । राजतन्त्र ढल्यो भन्ने प्रचण्डको कथन रही आएको थियो ।

यसैबीच प्रचण्डले त्यसताका गिरिजाले झनै ठूलो सैन्य आक्रमण गर्न आफूलाई बारम्बार उक्साउने गर्दथे भन्ने कुरा पनि बाहिर ल्याएका छन् । तर अहिले आएर प्रचण्डको सो कथन झूटो साबित भएको छ । नयाँ दिल्लीमा भारतले नेपालमा आन्दोलन गरिराखेका सबै दललाई बोलाएर १२ बुँदे सम्झौता गर्नुअघि राजा ज्ञानेन्द्रसमक्ष नेपालको रक्षा र परराष्ट्र मामिला भारतको जिम्मा लगाइ भुटानका राजा जिग्मेको हैसियतमा नेपालका राजा बस्ने हो भने आन्दोलन दबाइ दिने प्रस्ताव गरेका रहेछन् ।

राजा ज्ञानेन्द्रले जिग्मेको हैसियतमा बसी राष्ट्रघात गर्न नचाहेको र त्यसको ठीक विपरीत सार्क शिखर सम्मेलनमा चीनलाई सार्कमा पहिले पर्यवेक्षक स्तरको र पछि पूर्ण सदस्य दिने प्रस्ताव राखेको कारण भारत राजा ज्ञानेन्द्रसँग क्रुद्ध भई आन्दोलनरत दलहरुलाई उचालेर १२ बुँदे सम्झौता गराई नेपालको राजतन्त्र अन्त्य गराएको रहेछ भन्ने कुरा बीबीसीको भर्खरै ११ फेब्रुअरीमा प्रकाशित प्रतिवेदनमा उल्लेख छ ।

राजाले भुटानका जिग्मेले जस्तै भारतको कठपुतली बन्न राजी भएका भए यी अहिलेका नेता भनाउँदाहरु त भारत र नेपालको जेलमा पो कोचिइरहेका हुने रहेछन त । पाठक वर्गको जिज्ञासालाई ध्यानमा राखी हामीले सो प्रतिवेदन जस्ताको तस्तै तल प्रस्तुत गरेका छौं ।





## King Gyanendra lost his throne after refusing to make Nepal "like Bhutan": report

11 February 2020

A recent report by BBC Nepali makes a strong indication that India played a critical role in the fall of Nepal's constitutional monarchy because the last king of the Himalayan nation, Gyanendra Shah, refused to entertain India's wish to turn Nepal into an Indian protectorate – just "like Bhutan".



The report makes the claim on the back of statements made by two veteran names in the Nepalese media industry – journalist P. Kharel and former editor-in-chief of *The Rising Nepal* Mana Ranjan Josse. The journalist duo have quoted the former king in making the tantalising revelation based on their conversation aboard a Royal Nepal Airlines flight en route to Tunisia. As they were flying to Doha following the SAARC Summit in Dhaka on 12-13 November 2005, Mr Kharel and Mr Josse were reportedly summoned by the former king's military aide for a mid-air audience.

The claims are based on what the former king shared with them about his one-on-one meeting with Man Mohan Singh which took place after the conclusion of the SAARC Summit.

In their interview with BBC Nepali, the journalists recalled that the former king had urged them to keep the details of his conversation with the then Indian Prime Minister confidential – with Mr Shah repeating the "between us" request at the beginning and end of the conversation.

According to Mr Kharel, Indian PM Manmohan Singh Singh proposed "to make Nepal a protectorate like Bhutan" which, the king told the two media persons, he refused to accept. The veteran journalist further added, citing King Gyanendra, that the Indian Prime Minister turned "red-faced" after the offer was declined.

Mr Singh then apparently asked the king to at least give him something "to appease the (Nepalese) political parties". Mr Josse on his part told BBC Nepali that, although he did not recollect the conversation in details, Man Mohan Singh quizzed the former king on "Who was responsible?" for Nepal getting closer to China.

Although there was some contradiction between Mr Josse and Mr Kharel's recollection about what Gyanendra Shah had said during that mid-air meeting over 14 years ago, both appeared to agree that India worked hand in glove with Nepalese political parties after that uncomfortable meeting in Dhaka.

Mr Josse remarked that India was extremely displeased with Gyanendra Shah also because he played a role in making China an observer member of SAARC.

BBC Nepali maintains that it could not independently verify the claims made by the two stalwarts of the Nepalese media.


However, the then ADC of King Gyanendra, Binoj Basnyat, did substantiate that they were indeed called by the former king for a tête-à-tête on board the then Royal Nepal Airlines flight.

Gyanendra Shah's junket had moved on to South Africa following a brief stay in Tunisia where he attended the World Summit on the Information Society.

The report suggests that India's punitive role in ending Nepal's monarchy was so swift, after Gyanendra Shah declined the Indian offer of making Nepal its protectorate, that it was not long before the 12-point understanding between the Nepalese political parties and the Maoists was signed in Delhi.

The king was still touring Africa when the document was signed in India.

# प्रसंग नारीको : हित सबैको (६)



**जगदीश लामिछाने**
रौतहट, पौराई

नारी करुणाका मूर्ति हुन् । यो व्यक्ति पनि आफ्नै आमाले दुःखसँग हुर्काएको मान्छे हो । त्यस्तै प्रत्येक पाठक पनि हुनुहुन्छ कतै कतै अन्यथा हुनु बेग्लै कुरा हो । यस्तो नै हुँदा आफ्नै गाउँकी एउटी नारी आफैंलाई हजुरबा भन्दै केही दिनअघि हवाईजहाजको टिकट तयार छ भनी हतार हतार बिदा भइन् । यस्तो दृश्य यो हृदयले खप्न र त्यसबखत बोल्न समेत मनले अनुमति दिएन ।

त्यसमाथि पनि स्वर्गीय उनकै हजुरबा समय समयमा कर्मसहयोगी साथी थिए पिता रामचन्द्र र उनैकी पत्नी नै वृद्धत्वमा गइसकेका छन् । उनीहरुकै सहयोगार्थ ३।४ वर्ष विदेश बसी भाइबहिनी पढाइ दिँदा अतीव प्रसन्न देखिइन् । तर यो प्रसन्नता यही गाउँ नगर वा नेपालमै भइदिए राम्रो हुने थियो । विदेश अरब पुनः यिनले जानु नपरे हुने थियो । बाबु आमा बस्ने सानु झुप्रोलाई अली बस्न हुने खालको घर बनाई एउटी उमेरदार नारीले आफ्नो जीवनको भावी रेखा कोरेकी छन् कि छैनन् ? यो चाहिँ पत्ता नै दिन चाहिनन् । अझै २।३ वर्ष विदेश बस्छु भन्दा यिनको सुरक्षा यिनै ब्रह्मस्थान बाबाले गरुन् भन्न चाहिँ मन लागेको छ । ईश्वरकै भरोसा त हो ।

हो यस्तै अवस्थामा स्वदेशमै त कति नारी आपतविपतमा पर्छन् भने झन् विदेशमा एक्लै भइने हुँदा होस गर्नैपर्छ । यसैले किन अझै जानुपर्‍यो ? भन्ने प्रश्न सोधियो तैपनि जवाफ आएन । कुनै अदृश्य चुम्बकले डोर्‍याएको हो



भने बेग्लै कुरा हो आफू त यी व्यक्तिले मात्र हैन यिनका पूरै परिवारले गोडेको मकै र आँटो पिठोले आफ्ना पूरै परिवार पालेकोमा कृतज्ञ नै छ । यसैले पनि शुभकामना । यसरी विदेश जाने सम्पूर्ण नातिनी बहिनी र छोरी सबैलाई एकैपटक सय थुँगा फूल !

एउटी विदुषी लीला लुइँटेलका रचनाहरु हेरियो भने भारत आसाम र नेपालमै उपल्लो मुस्ताङ खुला रुपमा तल्लो मुस्ताङ थाकखोला प्रच्छन्न रुपमा बहुपतिप्रथाले पीडित छ भनी पढिएको र भ्रमणमा बुझिएको पनि हो । यो प्रथाले नारी वेदनाहरु बढाएकै छन् भनेर नारीहरुले र पुरुषहरुले पनि कतै कतैको बाँकी विरुपता छोड्दै तथा हटाउँदै छन् । किनभने नारीहरुमा प्रतिमहिना हुने स्वाभाविक मासिक धर्मले आफैं ३।४ दिन थोरै असक्त हुन्छु भन्ने गरेकै छन् । त्यसमाथि बालबालिका उनैको गर्भमा रहेको अवस्था प्रसुति अवस्था नारीका कष्ट नै हुन् तैपनि मानव वंशरक्षार्थ मैले दुःख नगरी हुँदैन भनी यी कष्टहरु नारीले सहेकै छन् । यसैले प्रत्येक देशका सरकारहरुले पतिको आफ्नै श्रीमती र उसका बालबच्चा पनि उसैका पतिबाट सुरक्षित हुनैपर्छ भन्ने कानुनमै किटानी लेखिदिएकै छन् । यसैले एउटी नारीले एक्लै आफू वैदेशिक रोजगारीमा जानै नपरे हुने थियो । अरु कुरा त यही शीर्षक यसै पत्रिकामा यो हरफकर्ताकै २०७४ फागुन २५ चैत २ तथा २०७५ जेठ १८ कात्तिक ९ तथा फागुन १० मा अनुरोध भएकोले महिला नेतृहरुले पनि चासो लिनैपर्ने हो ।

वर्तमान कालमै पुरुषहरुको सिको गरेर विदेश जान आतुर नारीहरु धेरैजसोले दुःख पाएका छन् । अर्कोतिर प्रत्यक्ष नै भारतको खसिया क्षेत्र आसाम तथा नेपालको उपल्लो मुस्ताङमा रहेको नारीकै प्राधान्यको बहुपति प्रथाबाटै पनि दुःखै सिर्जना भएकोले पुरुष नारी दुवैतर्फ सचेत भई विस्तारै छोड्दैछन् । लीला लुइँटेल र विद्वान फ्रायडले भनेझैं नारी साँच्चै कमजोर हुन् त ?

बरु हाम्रै आफ्नै आमा तथा आफ्नै श्रीमतीकै कर्तव्यनिष्ठता पो उच्च देखियो किनभने वर्तमानमा विशेष गरेर शिक्षित युवतीहरुले आफूले आफ्नै बच्चा स्याहार्ने बल घटिसकेपछि विवाह गर्दा पछुताउमै परेका छन् । यिनैको देखासिकीले अरु अशिक्षित र कम शिक्षित युवतीहरुले पनि यसै गर्दा धेरैजसो नारी चाहेर पनि बच्चा पैदा गर्न नसक्ने दुःखमा परेका छन् । यसै कारणले पुरुषले आफ्नो विवाह गर्दा एकपटक राम्रो होस् गर्नैपर्छ तर नारीले विवाह नै गर्नुपर्छ भनिसकेपछि दश पटक होस् गर्नु उनकै कल्याणमा छ । यत्ति मात्र भन्नु अहिले पर्याप्त छ । यसैबाट नारीलाई स्वास्थ्य र समृद्धि दुवै प्राप्त हुनेछ ।

# मैले देखेको १३१ औं ऐतिहासिक विश्व सम्पदा

# वागियो क्याथेड्रल

सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा वागियो क्याथेड्रल यस्तो देखिन्छ



क्याथेड्रलभित्रको स्टेनग्लासको कलात्मक झ्यालहरू

पार्क जोन हे मा हाम्रो एसिया प्यासिफिक क्षेत्रिय अनुगमन सेमिनारले निरन्तरता पाइ रहेको थियो । सेमिनार सकी वेलुकीको खाना खानु अघि हामी वोलिंग खेल खेल्थ्यौ । वागियो आएको तेश्रो दिन भने हामी दुइ वजे नै सेमिनार सकी दिउसोको खाना खाई हामी त्यहाको धार्मिक सास्कृतिक महत्वको वागियो क्याथेड्रल हेर्न गयौ ।

**वागियो क्याथेड्रल**

यो फिलिपिन्सको नाम चलेको रोमन क्याथोलिक चर्च मध्ये एक रहेछ । विसप स्तरको यो चर्च वागियो शहरको केन्द्र विन्दुमा अवस्थित सेसन रोडमा ठडिएको रहेछ । क्राइस्टकी आमा भर्जिन मेरी प्रति समर्पित यो चर्च वागियो मुख्य पर्यटकिय आकर्षणको केन्दविन्दु रहेछ । दोश्रो विश्व युध्दताका जापानी सेनाको नियन्त्रणमा रहदा यस चर्चमाकुु छिडिमा वमआक्रमणबाट घाइते भएका नागरिकहरूलाई ल्याइ सुरक्षित पूर्वक राख्ने उध्देश्यले इभ्याकुएसन सेन्टरको रूपमा प्रयोग गरिएको रहेछ । यस क्याथेड्रलको इतिहास पढदा यो सन १९०७ मा वेल्जियमका क्याथोलिक नियोगले यस क्योथड्रल निर्माण गर्ने सोच बनाएका रहेछन । पहिले यो चर्च ठडिएको ठाउमा काम्पो नाम गरेको सानो डाडा रहेछ । पछि सन १९२० तिर पेरिशको पुरोहित फ्लोरिमण्ड कार्लुको नेतृत्वमा यस डाडाको नाम माउण्ट मेरी कायम गरी क्याथेड्रलको निर्माण कार्य शुरू भएको रहेछ र सन १९३५ मा निमार्ण कार्य सम्पन्न गरी वास्तुपुजा गरिएको रहेछ ।




क्याथेड्रलसँगै वागियो सहरको दृश्य


गुलाफी रंगको आर्कष मोहोडा भएको यस क्याथेड्रलको छाना पिरामिड शैलिको रहेछ भने अगाडि पट्टि चोक सहित समान अग्लाइ भएको दुइ घण्टाघर रहेछ । जहावाट पुरै वागियो शहरको मुख्य ब्यापारिक केन्द्रको राम्रो दृश्यावलोकन हुंदो रहेछ । वागियो शहरको सेशन रोडबाट ढुंगाले वनेको १०४ खुडकिला सिढी चढेपछि क्याथेड्रलको चोक पुगिदो रहेछ । खुडकिला चढनु अघि क्याल्भेरी नामक क्राइष्ट झुण्डाइएको मूर्ति देख्न पाइदो रहेछ । फिलिपिन्सकै वास्तुकलाको अनुपम उदाहरणको रूपमा लिइने यो क्याथेड्रलको भित्रीभाग गहनरूपमा सिंगारिएको रहेछ । एकै पटकमा ८५० जना सम्म अटाउने यसको प्रार्थनाकक्ष रहेछ । प्रार्थनाकक्षका झ्यालहरू कलापूर्ण स्टेन ग्लासले सजिएका रहेछन् । म आफुले पश्चिम र पूर्वि यूरोपेली देशहरूका क्याथेड्रल अवलोकन गरिसकेको अनुभवको आधारमा यस क्यथेड्रलको अवलोकन गर्दा यो कुनैपनि क्याथेड्रल भन्दा कम सुन्दर र कलापूर्ण भएको जस्तो लागेन । यहि कारणले होला वागियोको यस क्याथेड्रल अवलोकन गर्न पुरै फिलिपिन्स र अरू देशबाट पनि पर्यटकहरू यहा आउदा रहेछन् ।



क्याथेड्रलको ८५० जना अटाउने प्रार्थना कक्ष




खुड्किला चढ्नु अगाडि नै रहेको क्राइस्टको मूर्ति



क्याथेड्रलमा पर्यटकहरूको घुइँचो

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# ३१. मनमोहन अधिकारीले का.पुष्पलाल र का.तुलसीलाललाई दरभंगामा भेटेर मात्रै विराटनगरस्थित आफ्नो घर जानु-२




■ शम्भुराम श्रेष्ठ

मनमोहनजी र म एउटै कोठामा दुईटा खाटमा सुत्थ्यौं । बिहान सबेरै फर्बेसगन्ज जानुपर्ने भएकाले मनमोहनजीको आमाले मेरो निम्ति मात्र खाना तयार गर्नुभयो । खाना खाई लुगा लगाएर म जान तयार भइसक्दा पनि मनमोहनजी जाग्नुभएको थिएन, सुतिरहनुभएकै थियो ।

उनीसँग सोधेर मात्र जाउँ भन्ने विचारले मैले उनलाई जगाउँदै 'म जान लागेँ' भनेर के भनेको थिएँ, उनले 'म पनि आउँछु' भन्न थाले । अनि मैले रिसाएझैँ गरी भनेँ, तुरुन्तै उठ्नोस् त । बाटैमा खानेकुरा खाउँला । जाने समय भइसक्यो ।'

विद्यार्थी कामरेडहरुलाई लिएर हामीहरु फर्बेसगन्जतर्फ लाग्यौं । ठीक समयमा त्यहाँ पुग्यौं । लामो समयपछि आफ्ना सहयोद्धा कामरेडहरुसँग भेट हुँदा त्यो कति आनन्ददायी र न्यानो हुँदोरहेछ भन्ने कुरा फर्बेसगन्जमा पुष्पलाल र हिक्मतसिंहसँग भेट हुँदा मैले अनुभव गरेँ । केही बेर त हाम्रो बीचमा रहेका तीता अमिला कुराहरु हावाले उडाएर लगेझैँ गरी चटक्कै बिलाए । एकसाथ खाना खायौं । अनि मात्रै पार्टी एकतालाई पुनः स्थापना गर्नेबारेको छलफलमा प्रवेश गऱ्यौं ।

छलफलको प्रारम्भ मैले नै गर्नुपर्ने भयो र त्यसैले मैले नै गरेँ । त्यो दिन छलफल सम्पूर्ण रुपमा पुष्पलाल र मेरो बीचमा नै सीमित रह्यो । मनमोहनजीले एक शब्द पनि बोलेनन् । छलफलको प्रारम्भ मैले 'तिमीले आफ्नो छुट्टै पार्टी किन खोल्यौ ?' भन्ने प्रश्नबाट गरेँ र त्यसको लगत्तै कुरालाई अगाडि बढाउँदै भनेँ- 'एक त, तृतीय महाधिवेशन खुबै विवादास्पद थियो र विवादास्पद नै नभए पनि त्यो समय अधिवेशन गर्ने समय थिएन, किनभने त्यो राजा महेन्द्रले सैनिक 'कु' गरी निर्वाचित संसद र सरकारलाई भंग गरी आफ्नो ठाडो शासन व्यवस्था स्थापना गरेबाट देशमा असाधारण राजनीतिक स्थिति पैदा भएको समय भएकाले त्यस्तो समयमा त डा.केशरजंग रायमाझी जस्ता गद्दारहरुलाई पार्टीबाट निष्काशन गरी पार्टीभित्र रहेका सैद्धान्तिक तथा राजनीतिक मतभेदहरुलाई केही समयको निम्ति थन्क्याएर पार्टीका सबका सब नेता कार्यकर्ताहरु हातेमालो गरेर सशक्त रुपले संघर्षमा लाग्नुपर्ने समय थियो र महाधिवेशन गरिरहने समय थिएन ।

तर पनि तिमीहरुले अधिवेशन गऱ्यौ । त्यसको निर्णय गलत भयो र आफूलाई चित्त बुझ्दो भएन भन्दैमा तिमीले छुट्टै अर्को पार्टी खोल्न हुँदैनथ्यो, खोल्यौ किन ? त्यसको उत्तरमा पुष्पलालले भने- 'तिमीहरु नभएकोले मैले अर्को पार्टी खोलेको हुँ ।' अनि फेरि मैले प्रश्न गरेँ- 'के यो साँचो हो ?' अनि प्रतिप्रश्नको रुपमा उनले भने- 'के ममाथि विश्वास छैन ?' त्यसपछि मैले भनें- 'त्यसो भए अब त हामीहरु जेलबाट छुटिसक्यौं ।

तिमीले त्यो पार्टीलाई विघटन गरिदिनुपऱ्यो ।' त्यसलाई विघटन गर्न म तयार छु । त्यसको निम्ति एउटा बृहद एकता सम्मेलन गर्नु वेश होला । सम्मेलनको आयोजना भएपछि म त्यहीं आफ्नो पार्टीलाई विघटन गरिदिन्छु ।' भनी पुष्पलालले भने ।

पुष्पलालको उपरोक्त विचार आफैंमा नराम्रो त थिएन, राम्रै थियो । तर फुटिसकेको पार्टीको पुनर्एकीकरणको निम्ति त्यो त्यति उत्साहबर्द्धक हुँदैनथ्यो । किनभने एक त पुष्पलालले छुट्टै पार्टी खोलेकाले देशभरका अत्यधिक पार्टी सदस्यहरु उनीसँग एकदमै रिसाइरहेका थिए, जसलाई एकता सम्मेलन हुनुअगावै साम्य पार्नु अत्यावश्यक थियो ।

दोस्रो कारण के थियो भने त्यो विचारअनुसार एकता सम्मेलनमा पुष्पलालहरु एक पार्टीको हैसियतले अर्थात् संगठित रुपले सहभागी हुने हुन्छन् भने अरुहरु सबै व्यक्ति व्यक्तिको हैसियतले सहभागी हुने हुन्छन् । यसले गर्दा सम्मेलनको वातावरण स्वस्थ, अनुकूल र उत्साहबर्द्धक हुनुको सट्टा आपसमा रोष पैदा गर्ने खालको हुन जान्छ र त्यही कारणले नै मैले साँच्चै पार्टी एकता गर्ने नै हो भने त्यसको निम्ति अनुकूल वातावरण पनि सिर्जना गर्नुपर्छ, जसको निम्ति पुष्पलालले आफूले बनाएको पार्टीलाई अहिले नै विघटन गरिदिनु वेश हुन्छ भन्ने प्रस्ताव राखेको थिएँ ।

पुष्पलालले त्यसो गरिदिए भने अहिल्यै जिल्ला जिल्लाका पार्टी कार्यकर्ताहरुको पुष्पलालसँगको रिस मर्ने थियो र साथै उनीमाथिको विश्वास फेरि पलाउने थियो भन्ने मेरो भनाइप्रति पुष्पलाले असहमति जनाएनन्, एक किसिमले समर्थन नै गरे । तर पनि यस सम्बन्धमा अन्तिम निर्णय भोलि मात्र गर्ने निर्णय गरी मनमोहनजी र म विराटनगर फर्क्यौं । पूर्व कोशीका कामरेडहरु हाम्रो प्रतीक्षामा बसिरहेका थिए । हामीले फर्बेसगन्जमा छलफलको दौरानमा भएका सबै कुराहरु विस्तारपूर्वक उनीहरुलाई सुनायौं । सो सुनेर उनीहरु खुसी भए ।

भोलिपल्ट बिहान सबेरै नास्ता गरेर मनमोहनजी र म फर्बेसगन्ज गयौं । त्यो दिन छलफल अलि चाँडै सुरु भयो । अघिल्लो दिन एक शब्द पनि नबोल्ने मनमोहनजी र हिक्मत सिंहले पनि त्यो दिन बोले । सुरुमै पुष्पलालको अघिल्लो दिनको टोनमा अलि फरक आएको देखिन थाल्यो । उनले एकता सम्मेलन सफल हुने कुरामा शंका व्यक्त गर्दै सम्मेलनमा आफूहरुसँग पक्षपातपूर्ण व्यवहार नभएमा र सैद्धान्तिक तथा राजनीतिक विषयमा सहमति भएमा मात्र आफूले बनाएको पार्टीलाई विघटन गर्नेछौं भनी प्रस्ट शब्दमा आफ्नो अडान व्यक्त गरे ।


पुष्पलालको त्यो अडान मलाई विल्कुलै ठिक लागेन र म त्यस कुरामा सहमत भइन र म उनलाई चित्त बुझाउने कोसिस गर्दै थिएँ । बीचैमा मनमोहनले 'शम्भुराम कामरेड मान्नुहुन्छ भने म पनि पुष्पलालको कुरा मान्न तयार छु' भनी 'यता पनि ठीक, उता पनि ठीक' हुने गरी बोले । मनमोहन अधिकारी जहिले पनि यसरी नै बीचमा बसेर बोल्ने गर्नुहुन्थ्यो र कहिल्यै खुद आफ्नो विचार राख्नुहुन्नथ्यो । यो उनको स्वभाव जस्तै भइसकेको थियो ।

त्यो दिन पुष्पलालसँग हाम्रो कुरा मिलेन । हामीहरु फर्क्यौं । कामरेडहरुले हाम्रो अडानलाई अर्थात् कुरा नमिल्नुलाई नै सही ठहऱ्याए । तर पछि मलाई पुष्पलालको भनाइ सशर्त नै भए पनि त्यसलाई मानिदिए बेस हुन्थ्यो र मानिदिनुपर्थ्यो र नमान्नु मेरो ठूलो भूल थियो भन्ने लाग्यो । वास्तवमा पुष्पलालको अडान सही पनि थियो, जसलाई तथाकथित तृतीय महाधिवेशनमा र पछि नेपाली कम्युनिस्ट आन्दोलनको एकीकरणको निम्ति गठित 'न्युक्लियस' को दौरानमा देखा परेका गलत राजनीतिक रवैयाहरुले सही सावित गरे ।

# कोलकाता : एक चोटि हेरिसकेपछि फेरि हेर्न नपर्ने सहर-३

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार





**भिक्टोरिया मेमोरियल हल : भारतीय राजभक्तिको चिनो**

कोलकाताको मैले करिब पन्ध्र-सोह्रचोटि यात्रा गरिसकेको छु । त्यसमा भिक्टोरिया मेमोरियलको भ्रमणको सम्झना पनि आजसम्म ताजा भएर रहेको छ । त्यो मेमोरियल हल मैले दिनभर हेरेको थिएँ । शाहजहाँले आफ्नी प्रेयसीको सम्झनामा विश्वप्रसिद्ध अनुपम भवन ताजमहल खडा गरे त बेलायतकी महारानी भिक्टोरियाको मृत्युपछि उनको सम्झनालाई चिरस्थायी पार्न कोलकातामा भिक्टोरिया मेमोरियल हलको निर्माण गरी भारतीयहरूले आफ्ना महारानीप्रति चिरस्मरणीय स्वामीभक्ति प्रदर्शित गरे ।

सन् १९०१ को जनवरी महिनामा महारानी भिक्टोरियाको मृत्युपश्चात् भारतका तत्कालीन भाइसराय लर्ड कुर्जनले तुरुन्त महारानीको सम्झनामा एउटा ठूलो भव्य स्मारक भवन निर्माण गर्ने बेहोरा जनसमक्ष प्रस्तुत गर्दा भारतीय जनताले यस प्रस्तावरूपी होस्टेलाई खुला दिलले हैँसे गरी राजभक्ति देखाए । भनिन्छ- यो स्मारक बनाउन भारतीय जनताबाट भारतीय रुपियाँ एक करोड चन्दा उठेको थियो ।

बेलायतका तत्कालीन युवराज जर्ज पाँचौँबाट सन् १९०६ को जनवरी ४ तारिखका दिन यो भवनको शिलान्यास धूमधामसँग भयो । यसको निर्माणलाई चाहिने सिङ्गमरमर पनि राजस्थानको नगोरा प्रान्तको मकरना भन्ने ठाउँबाट ल्याइएको थियो जहाँबाट ताजमहल बनाउन सिङ्गमरमर लगिएको थियो । यस भवनको निर्माणकार्य पूरा गर्न ठ्याम्मै तीस बर्ष लागेको रहेछ । अङ्ग्रेज अक्षरको 'एच्' (ज) जस्तो देखिने यो भवनलाई ब्रिटिस वास्तुकला, इटालियन मूर्तिकला तथा भारतीय कालिगडीको त्रिवेणी नै हो भन्नुपर्छ ।

भिक्टोरिया मेमोरियल हल चहार्दा मलाई आग्राको ताजमहलको सम्झना भयो । तर त्यो ताजमहलको बाहिरी बनावटमा जति हिसी छ त्यति यहाँ पाइनँ । त्यसो भए तापनि भित्र घुम्दा मलाई निकै प्रसन्नता लाग्यो । यो भवनका विभिन्न कोठाहरू विभिन्न प्राचीन वस्तुहरूले सजाइएका छन् ।

मुगल साम्राज्यका विभिन्न झाँकीहरू देखाउने प्राचीन विवरण-चित्रहरू, भारतीय हस्तलिखित दुर्लभ पुस्तकहरू र भारतीय तथा अङ्ग्रेज लौहपुरुषहरूको जसले अठारौँ, उन्नाइसौँ तथा बीसौँ शताब्दीमा भारतीय इतिहासमा उल्लेखनीय भूमिका खेलेका थिए- बहुमूल्य चित्राकृतिहरू ठाउँठाउँमा मिलाएर राखिएका छन् ।

सिङ्गमरमरले बनेका प्रसिद्ध पुरुषहरूका उत्तम मूर्तिहरू तथा प्राचीन एवं अर्वाचीन विविध रूप दिने अस्त्रशस्त्रहरू यत्रतत्र मिलाएर राखिएको देख्दा हो न हो यसले हाम्रो राष्ट्रिय सङ्ग्रहालयभित्रको दृश्यको प्रतिनिधित्व गरेको हो कि भन्ने भान पर्छ । त्यस भवनभित्रको सबभन्दा बढी कलापूर्ण तथा पुरानो पाराको कलापूर्ण उत्कृष्ट ठाउँबीचको गुम्बजमुनिको हल हो जहाँ महारानी भिक्टोरियाको जीवनचर्याका प्रमुख झाँकीहरू प्रस्तुत गरिएका छन् । त्योभन्दा पनि बढी आकर्षक मलाई एउटा त्यो कोठा लाग्यो जहाँ कोलकाता सहरको बदलिँदो रूपका चित्रहरू टाँगिएका छन् । अठारौँ शताब्दीदेखि बीसौँ शताब्दीसम्ममा कोलकाताको रूप कसरी बदलिँदै आएको रहेछ ती भित्तामा टाँगिएका चित्रहरूले प्रस्टसँग मूक भावले औँल्याइरहेका छन् ।

**दोहोऱ्याएर हेर्न नपर्ने सहर**

विभिन्न विद्वान्हरूले कोलकाता सहरको विषयमा इमानदारीसाथ पोखेका उद्‌गारहरूबाट यस सहरको इज्जत बढ्नुको सट्टा हुनसम्म घटेको अनुभव गरेको छु । त्यसो त यसको मौलिक संस्कृति, उच्च बौद्धिक धरातल, राजनैतिक महत्ता, साहित्यिक मौलिकता तथा व्यापारिक महत्वलाई कसैले नकारेको छैन । यो निर्विवाद हो । तर पनि यहाँ व्याप्त दरिद्रता, घना बस्ती, महामारी, रोग, लथालिङ्ग अव्यवस्था आदिलाई हेर्दा के भारतमा कोलकाताको अस्तित्व पछिसम्म रहिरहला र ? भन्ने आशङ्का मलाई पनि नभइरहन सकेन र मेरो अन्तस्करणमा प्रश्नहरू रुमलिरहन्छन्- यहाँ पनि मानिसले कसरी जिन्दगी गुजारिरहन सकेको होला ? भविष्यका लागि किन कुनै आयोजना नगरिएको होला ? रबर्ट क्लाइभले यो सहरलाई विश्वब्रह्माण्डमा सबैभन्दा 'दुष्ट, अधर्मी, पापी' ठाउँ भनी बयान गरेका छन् । डोम मोराइसले यसको तुलना 'माकुराको जालो' सँग गरेका छन् ।

कसैले यसलाई 'डरलाग्दो रात' भनेका छन् भने विन्सटन चर्चिलले आफ्नी आमालाई पत्र लेख्दा- "म त्यस सहरलाई हेर्न सधैँ उत्सुक रहनेछु किनभने एकपल्ट त्यहाँ पुगेपछि फेरि त्यसलाई हेर्ने आवश्यकता रहने छैन" भनी लेखेका छन् । रुडयार्ड किपलिङ्गले त आफ्नो एउटा कवितामा-

*'मलैमलको दलदलमा संयोगैसंयोगले खडा भएको*
*दरबार, गोठ, टहरोसँगसँगै गरिबी अनि रौनक समेतको*
*नैतिक पटन नै गराउने घना बस्तीको सहर*
*हुन्छ जहाँ सधैँ मृत्युको दृष्टि निरन्तर'*

भन्दै यसको यथार्थ चित्रण गरेका छन् ।

मैदानदेखि भिक्टोरिया मेमोरियल हल, अनि फोर्ट, रेशकोर्श, क्याथेड्रल, ल कोर्ट, पुराना कलात्मक मन्दिरहरू मात्र होइन हाल निर्मित नयाँनयाँ गगनचुम्बी भवनहरूले समेत एकातिर कोलकाताको ज्ञान तथा रौनक हेर भनी औँल्याइरहेका छन् भने अर्कोतिर गोरुले जस्तै ठेलगाडा जोतिरहेका, दुईपाङ्ग्रे रिक्सामा मानिस स्वयम् घोडा बनी तानिरहेका, काम नपाई निराश भएकाहरू स्वस्थ हुँदाहुँदै बिचरा माग्ने बनिरहेका, जतातर्तै फोहोरको डङ्गुर थपिँदै गइरहेको, बस्तीतिरका बच्चाहरू खान नपाएर भकाभक मरिरहेका देख्दा साँच्चै किपलिङ्ग महोदयको माथि उद्धृत कवितामा शतप्रतिशत सत्यता भएको मलाई मात्र होइन कोलकाताका नवागन्तुक जोकोहीलाई पनि छर्लङ्ग हुन्छ भन्ने मेरो धारणा छ ।

कोलकाताका कुनाकाप्चा, गल्लीबस्तीतिको त के कुरा मुख्यमुख्य सडकमा समेत मानिसहरू सुतिरहेका जस्तै देखिने तर कहिल्यै उठ्नै नपर्ने चिरनिद्रामा परिरहेका घटना बराबर देख्न पाइने रहेछ । एकपल्टको कुरा हो, म कोलकातामा चार-पाँच दिनका लागि गएको थिएँ । टन्टलापुर घाम लागिरहेको थियो तैपनि आफू चौरङ्गीतिर उँभो लागिरहेको थिएँ ।

(क्रमशः)

स्वास्थ्य

# तीते करेला विविध रोगको औषधि



औषधिको रुपमा हेरिने करेला मानव शरीरका निकै फाइदाजनक छ । मानिसहरु गर्मीयाममा करेलाको तरकारी बढी खाने गर्दछन् । करेलाले घामबाट पनि बचाउने बताइन्छ ।

करेलाले खानामा रुचि बढाउँछ । - छालाको सङ्क्रमण, चिलाउने खटिरा, घाउ आदिलाई हटाउँछ । - खाएको कुरा राम्ररी पचाउँछ । - पेटसफा राख्दछ । - कब्जियत हुन दिँदैन । - पेटसम्बन्धी विभिन्न रोगजस्तै, ग्याष्ट्रिक, अल्सर आदिलाई कम गर्दै लैजान्छ । - रगत शुद्धीकरण गरी सफा राख्न मद्दत गर्छ ।

- मधुमेह रोगीलाई- इन्सुलिनको काम गर्छ । - यसले छाला सम्बन्धी विभिन्न रोगजस्तै यस्तै हात खुट्टाका जोर्नी दुख्ने वा बाथ रोग भएको, पिसाब पोल्ने, पत्थर भएका, अम्लपित्त, (हैजाजस्ता रोगमा करेलाको सेवनबाट फाइदा गर्छ । - तीते करेलालाई उमाल्दा यसमा एन्टिअक्सिडेन्ट उत्पन्न हुन्छ, जसले क्यान्सरको सम्भावनालाई घटाउँछ ।

- औषधिको रूपमा तीते करेलको हरेक भाग जस्तै फल, पात, बियाँ, जरा आदि विभिन्न प्रकारका रोगको उपचारका लागि प्रयोग गरिएको पाइन्छ । - तीते करेलका बियाँ पेटमा जुका लागेको खण्डमा तीते करेलाको बियाँलाई पिनेर सेवन गरेमा यसले पेटमा भएको जुकालाई बाहिर निकाल्न मद्दत गर्छ ।

- साना केटाकेटीलाई झाडा वा वान्ता भइरहेमा तीनवटा करेलाको बियाँ र तीनवटा मरिच पिनेर धूलो गरी पानीसँग खुवाइदिएमा झाडा वा वान्तारोकिन्छ । - मधुमेह रोगीले तीतेकरेलाको धूलो बिहानबेलुका एक एक चम्चा खाइदिएमा यसले इन्सुलिनको काम गर्छ । - तीतेकरेलाको पात पिसेर लेप बनाएर लगाएमा छालाको रोग निको हुन्छ । - आगाले पोलेको ठाउँमा लगाइदिँदा फाइदा गर्छ ।

- तीते करेलाको पात आगोमा तताएर सिधेनुन सँग खानाअघि खाएमा अम्लपित्त रोगमा फाइदा गर्छ । - बर्षा याममा हैजा लागेको शङ्का लागेमा वाहैजाको पहिलो चरणमा छ भने करेलाको रस वा पातको रस खाएमा फाइदा गर्छ । यसका लागि (दुई चिया चम्चा रसमा त्यति नै मात्रा सेतो प्याजको रस मिलाई खानुपर्दछ ।

- तीते करेलाको जरालाई पिसेर लेप बनाएर पाइल्समा लगाए यसले फाइदा गर्छ । - तीते करेलाको जराको रसमा बराबरमात्रामा मह वा तुलसीको रस मिसाएर दिनहुँ राति एक महिना जति खाएमा श्वासप्रश्वास समबन्धी रोग (स्तै चिसो लाग्ने, दम, ब्रोन्काइटिस, घाँटीको रोग आदिबाट मुक्ति पाउन सकिन्छ । अन्य उपयोगितास तीते करेलाको दिनहुँ सेवनले शरीरको तौल कम गर्न वा घटाउन मद्दत गर्छ ।

हाम्रो गाउँठाउँ पाखा भित्तो सबैतिर उत्पादन गर्न सकिने तिते करैलाको प्रयोग बाट पेटको क्यान्सर र मधुमेह निको हुन्छ भन्दा जोसुकैलाई अचम्म लाग्न सक्छ , तर यो सत्य साबित भएको छ । धेरैलाई थाहा नहुन सक्छ हामीले तरकारीको रुपमा प्रयोग गर्दै आइरहेको तिते करैलाको प्रयोग औषधीको रुपमा पनि प्रयोग गर्न सकिन्छ । यसैलाई मध्यनजर गर्दै बैज्ञानिकहरु करैला सेवनबाट पेटको क्यान्सर र मधुमेह कसरी निको पार्न सकिन्छ भन्ने अनुसन्धानमा जुटेका छन् । तिते करैलाको सेवनले इनसुलिनलाई नियमित गर्न सहयोग गर्छ । र इनसुलिन नियमित भएको खण्डमा पेट संबद्ध क्यान्सरमा आराम मिल्छ ।

जनावरमा गरिएको अनुसन्धानले पनि देखाइसकेको छ कि तिते करैलाको सेवनबाट बोसोको मात्रा घटाउन सहयोग पुर्याउँछ । परम्परालाई हेर्ने हो भने पनि तिते करैला जुन अन्य तरकारी वा फलफूलहरु मध्य तीतो सब्जीको रुपमा परिचित छ । र यसको प्रयोगले ताप जरो, पीडा, छालामा हुने खरावी तथा आगोले पोलेक घाउ निको पार्छ ।

तीते करैला र पेट संबद्ध क्यान्सर पेट संबद्ध क्यान्सर भनेको यस्तो बेथा हो जुन अत्यन्तै तीर्व गतिमा फैलिने गर्छ र साधारण उपचार जस्तै केमोथेरापी र रेडियोथेरापीलाई समेत टेरदैन । अमेरिकाको कोलोराडो विश्वविधालयमा तीते करैलाको प्रयोग पेटका क्यान्सर रोगीमा गरिएको थियो । पेट संबद्ध क्यान्सरका चार विभिन्न लाइनमा गरिएको अध्यन जुनमा प्यानक्रियाटिक क्यान्सर सेलका बारेमा अध्ययन गरिएको थियो । उक्त अनुसन्धान अनुसार तिते करैलाको प्रयोगबाट पेटको क्यन्सर र मधुमेहको सघन उपचार हुन सक्ने पत्तो लागेको छ ।

अनुसन्धानकर्ता त्यतिबेला अचम्ममा परे जव तीते करैलाको जुसले क्यान्सर सेलको बृद्धीमा अवरोध पुरयाृयो र त्यसलाई मारिदियो । र ट्युमर जसमा पानी भरिएको हुन्थ्यो त्यसको आकार ६० प्रतिशतले घट्यो । तर शरीरमा कुनै प्रकारको खरावी वा साइड इफेक्ट भने देखिएन । तीते करैला र मधुमेह मधुमेहको उपचारमा तीते करैलाको सेवनका बारेमा धेरै अनुसन्धानहरु गरिएको छ ।

जरनल अफ इथनोफारमाकोलोजीमा २०११ मा प्रकाशित एउटा अध्यनलाई हेर्ने हो भने , तीते करैलाको सेवनले मधुमेह २ का उँ सबैतिर उत्पादन गर्न सकिने तिते करैलाको प्रयोग बाट पेटको क्यान्सर र मधुमेह निको हुन्छ भन्दा जोसुकैलाई अचम्म लाग्न सक्छ , तर यो सत्य साबित भएको छ । धेरैलाई थाहा नहुन सक्छ हामीले तरकारीको रुपमा प्रयोग गर्दै आइरहेको तिते करैलाको प्रयोग औषधीको रुपमा पनि प्रयोग गर्न सकिन्छ । यसैलाई मध्यनजर गर्दै बैज्ञानिकहरु करैला सेवनबाट पेटको क्यान्सर र मधुमेह कसरी निको पार्न सकिन्छ भन्ने अनुसन्धानमा जुटेका छन् ।

तिते करैलाको सेवनले इनसुलिनलाई नियमित गर्न सहयोग गर्छ । र इनसुलिन नियमित भएको खण्डमा पेट संबद्ध क्यान्सरमा आराम मिल्छ । जनावरमा गरिएको अनुसन्धानले पनि देखाइसकेको छ कि तिते करैलाको सेवनबाट बोसोको मात्रा घटाउन सहयोग पुर्याउँछ । परम्परालाई हेर्ने हो भने पनि तिते करैला जुन अन्य तरकारी वा फलफूलहरु मध्य तीतो सब्जीको रुपमा परिचित छ । र यसको प्रयोगले ताप जरो, पीडा, छालामा हुने खरावी तथा आगोले पोलेक घाउ निको पार्छ ।

तीते करैला र पेट संबद्ध क्यान्सर पेट संबद्ध क्यान्सर भनेको यस्तो बेथा हो जुन अत्यन्तै तीर्व गतिमा फैलिने गर्छ र साधारण उपचार जस्तै केमोथेरापी र रेडियोथेरापीलाई समेत टेरदैन । अमेरिकाको कोलोराडो विश्वविधालयमा तीते करैलाको प्रयोग पेटका क्यान्सर रोगीमा गरिएको थियो । पेट संबद्ध क्यान्सरका चार विभिन्न लाइनमा गरिएको अध्यन जुनमा प्यानक्रियाटिक क्यान्सर सेलका बारेमा अध्ययन गरिएको थियो ।

अनुसन्धानकर्ता त्यतिबेला अचम्ममा परे जव तीते करैलाको जुसले क्यान्सर सेलको बृद्धीमा अवरोध पुरयाृयो र त्यसलाई मारिदियो । र ट्युमर जसमा पानी भरिएको हुन्थ्यो त्यसको आकार ६० प्रतिशतले घट्यो । तर शरीरमा कुनै प्रकारको खरावी वा साइड इफेक्ट भने देखिएन ।

तीते करैला र मधुमेह मधुमेहको उपचारमा तीते करैलाको सेवनका बारेमा धेरै अनुसन्धानहरु गरिएको छ । तर ती सबै अध्यनहरुको निचोड भने एउटै छैन । जरनल अफ इथनोफारमाकोलोजीमा २०११ मा प्रकाशित एउटा अध्यनलाई हेर्ने हो भने , तीते करैलाको सेवनले मधुमेह २ का बिरामीको रगतमा भएको ग्लुकोजलाई अत्यधिक मात्रामा घटायो । तर जरनल अफ क्लिनिकल इपिडीमीयोलोजी मा प्रकाशित २००७ को अध्यनलाई हेर्ने हो भने त्यसले मधुमेह २ मा कुनै फाइदा पुर्याएको देखिदैन ।

संसारको सबैभन्दा पुरानो र ठूलो क्यान्सर उपचार केन्द्र - मेमोरियल सलोन केट्रीङ क्यान्सर सेन्टरका अनुसार तीते करैलाले रगतमा भएको ग्लुकोज लेभललाई घटाउन सक्छ, तर यसले इन्सुलिन वा अन्य उपचारलाई कसरी इन्टरयाक्ट गर्छ थाहा छैन । त्यसैगरि तीते करैलाको सही मात्रा पनि पत्तो लगाइएको छैन, त्यसकारण तीते करैलालाई इनसुलिन वा हाइपोग्लाईसेमिक ड्रग्स थेरापीको सट्टामा लिन सकिन्न ।

तीते करैलाको प्रयोग कसरि गर्ने तीते करैला फलफुलका रुपमा, पेयका रुपमा वा यसको वियाँको प्रयोग खानमा मिलाएर पनि सेवन गर्न सकिन्छ । तीते करैलाको परिकार हर्बलका रुपमा पनि उपलब्ध छ । तीते करैलाको मात्रा धेरै भयो भने यसले पेटमा दर्द, पखाला जस्ता समस्या ल्याउन सक्छ ।

# दिल्लीको मुख्यमन्त्रीमा केजरीवालको ह्याट्रिक



विष्णु भट्टराई

भारतको राजधानी दिल्लीमा पुनः अरविन्द केजरीवालको आम आद्मी पार्टी (आप) भारी मतान्तरले विजयी भएको छ । मंगलबार प्रकाशित चुनावी नतिजामा आम आद्मी पार्टीले बहुमत मात्र होइन, दुईतिहाई सिट नै जितेर सरकार बनाउने पक्का गरेको छ । ७० सदस्य रहेको विधानसभामा आम आद्मी पार्टीले ६२ सिट जितेको छ भने नरेन्द्र मोदीको सत्तारुढ पार्टी भाजपाले ८ सिट मात्र जितेको छ । दिल्लीमा १५ वर्ष शासन गरेको छ । भारतीय राष्ट्रिय कांग्रेसले विधानसभा चुनावमा खाता समेत खोल्न सकेन । सन् २०१५ को विधानसभा चुनावमा आम आद्मी पार्टीले ७० मध्ये ६७ सिट एक्लै जितेको थियो ।

यो चुनाव परिणामसँगै अरविन्द केजरीवालले मुख्यमन्त्री पदम ह्याट्रिक गरेका छन् । केजरीवालको साद्‌गीपन, दिल्लीका जनतालाई पानी, बिजुली, अस्पताल, शिक्षा र महिलालाई सार्वजनिक सवारीमा निःशुल्क यात्रा लगायतको नाराले यसपाली पुनः आम आदमी पार्टीलाई जनताले भोट दिएका हुन् । त्यतिमात्र होइन, भारतीय जनता पार्टीको अहमता, जातीय र हिन्दू मुस्लिम विभाजन गर्ने साम्प्रदायिकताका कारण आम आदमी पार्टीलाई जनताले रोजेका हुन् । यसपटकको चुनाव परिणामको मुख्य सन्देश नैं भारतका आम जनता हिन्दु मुस्लिम विभाजनको साम्प्रदायिक राजनीति रुचाउँदैनन् भन्ने हो ।

केजरीवालले विकासको मुद्दालाई लिएर चुनाव लडेका थिए । यता, मोदी र अमित शाहको भाजपाले राष्ट्रियता, शाहिनबाग अनि नागरिकता ऐनहरुलाई देखाएर भोट मागेको थियो । जुन दिल्लीका जनताले मन पराएनन् । यो चुनावी नतिजा भाजपाका लागि एउटा गतिलो सबक पनि हो । दिल्लीभन्दा अगाडि पनि यिनै मुद्दाले गर्दा भाजपा झारखण्ड र महाराष्ट्रहरुमा सत्ताबाट तल झर्न पुगेको थियो । अब आउने विहार र पश्चिम बंगालको विधानसभा चुनावमा पनि भाजपाको यही ताल हो भने उसले पराजय भोग्नुपर्ने विश्लेषण गर्न थालिएको छ । केजरीवाललाई दिल्लीबासीले विशुद्ध 'लोकलपेय' को रुपमा लिएको देखिएको छ । दिल्ली निर्वाचन परिणामको सन्देश हो सरोकार र इमानदारी, दिल्लीका जनता राष्ट्रिय प्रश्नमा भाजपाको साथ र स्थानीय प्रश्नमा आपको साथमा देखिएका छन् ।

सन् २०१३ को विधानसभा निर्वाचनमा नयाँ दिल्लीकी मुख्यमन्त्री एवं कंग्रेस उम्मेदवार शिला दीक्षितलाई २२ हजार मत अन्तरले हराएपछि भारतीय मिडियामा आम आद्मी पार्टी (आप) का संयोजक अरविन्द केजरीवालको चर्चा चुलिएको हो । अहिले त केजरीवाल दिल्ली राज्यसत्ताको शिखरमै पुग्न सफल भएका छन् । अर्थात् उनी अहिले दिल्लीको नयाँ मुख्यमन्त्री बनेका छन् ।

त्यसो त केजरीवालको चर्चा अहिले आएर भएको होइन । सामाजिक अभियन्ता अन्ना हजारेसँगको सहयात्रादेखि मतभेदसम्मका प्रसंगमा पनि केजरीवालको चर्चा व्यापक हुन्थ्यो । विधयकमा निर्वाचन भएपछि केजरीवालले भारतीय राजनीतिमा क्रान्ति सुरु भएको बताएका थिए । सन् १९६८ मा जन्मिएका केजरीवाल कर्मचारी हुँदै भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्दै राजनीतिमा छिरेका हुन् ।

चुनाव जित्नासाथ केजरीवालले भारतमा राजनीति भ्रष्ट भई राजनेता भ्रष्ट भएको बताए । आम आद्मी पार्टीले चुनावमा स्वच्छ छविको सरकार बनाउने जनआश्वासन दिएको थियो ।

विधानसभा चुनावमा भारतीय जनता पार्टी सबभन्दा ठूलो दलको रुपमा उदाउन सकेन । दिल्लीमा केजरीवालले सरकार बनाउने भएपछि भ्रष्टाचर विरोधी अभियन्ता अन्ना हजारेले कुनै कमेन्ट गर्न चाहेनन् । आम आदमी पार्टीको चुनावचिन्ह 'झाडु' बोकेर उनी दिल्ली सफा गर्ने भन्थे । कंग्रेसले सुशसन र भ्रष्टाचार गरी गन्ध बनाएको दिल्लीलाई झाडुलाई बहुमत दिएर सफा गर्न जनतासँग चुनावी दौरान आग्रह गरेका थिए । यही आग्रहलाई दिल्लीबासीले स्वीकार्दै आपलाई बहुमत दिएका हुन् । भाजपाले प्रतिपक्षमा बसेर खबरदारी गर्ने जनअभिमत मात्र पायो । । दिल्लीमा भाजपाका प्रभावशाली प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले दिल्लीबासीलाई भाजपालाई जिताउन आग्रह गरे पनि दिल्लीबासीले त्यसलाई अस्वीकार गरे ।



आम आदमी पार्टीका सबै विधायकहरु राजनीतिमा लगभग अनुभवहीन जस्तै छन् । २५ वर्षका तन्नेरीदेखि पचास कटेका विधायकहरु दोस्रो पटक विधान सभामा पुगेका छन् । उनीहरुमा जोश छ, उत्साह छ तर राजनीतिको पासा फ्याँक्ने कला उनीहरुमा नभएको भारतीय विश्लेषकहरु बताउँछन् । सत्ता सञ्चालनको अनुभव नै नभएका केजरीवालले सुधारका केही मोटामोटी खाका कोर्दै जनतालाई राहत दिएकै कारण उनी पुनः विजयी भएका हुन् । उनले हरेक महिना जनतासँग मिटिङ गर्ने र जनराय अनुसार सरकार चल्ने बताएका छन् । जनतालाई एकमुष्ट राशि दिने पनि घोषणा गरेका छन् ताकि त्यो राशि जनताले आफ्नै विकास निर्माणमा खर्च गर्न सक्नेछन् । उनले विधायक फन्ड नराख्ने पनि भनेका छन् । एक वार्डमा १० मोहल्ला बनाउने, बोर्ड बनाउने र त्यसको मातहतमा विधायक रहने नयाँ व्यवस्था ल्याउने जनाएका छन् । सामुदायिक विद्यालयहरुको स्तरोन्नति, सबै जनतामा शिक्षा र स्वास्थ्यको पहुँचका लागि निःशुल्क शिक्षा र स्वास्थ्योपचारको सरकारी तवरबाट व्यवस्था गरिने पनि जानकारी गराएका छन् । केजरीवालको सफलतासँग लोकपाल बिल जोडिएर आएको छ । अन्ना हजारेले पनि आप पार्टीको यही इमानदारीलाई पर्खिने बताएका छन् । केजरीवालले चुनाव जित्नमा हजारेको भ्रष्टाचार विरोधी आन्दोलनले ठूलै भूमिका खेलेको थियो । अन्नाका सबै आन्दोलन नयाँदिल्लीकै विषयमा केन्द्रित थिए । त्यसैले दिल्लीका जनतालाई विशेष प्रभाव पारेको थियो । अन्नाकै एजेन्डासँग जोडेर केजरीवालले ८ वर्षअघि पार्टी खोलेका थिए र पार्टीले भरपुर फाइदा पनि लिएको थियो ।





को हुन् केजरीवाल ?

अरबिन्द केजरीवाल सन् १९६८ मा भारतको हरियाणा जिल्लामा जन्मेका हुन् । पहिले राजस्व अधिकारी (सरकारी कर्मचारी) केजरीवालको चर्चा अन्ना हजारेसँग नाम जोडिन थालेपछि भएको हो । भारतमा भ्रष्टाचार विरोधी जनलोकपाल विधेयकको माग गर्दै अन्ना हजारेसँग अनसनमा बसेपछि केजरीवाल चर्चामा आए ।

अहिले राज्यसभा र लोकसभा दुवैबाट लोकपाल बिल पारित भइसकेको छ र राष्ट्रपतिको मोहर पनि लागिसकेको छ । अब भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक निकाय गठन हुँदैछ भारतमा । यतिमात्र होइन, केजरीवालले भारतमा सूचनाको हकसम्बन्धी कानुन बनाउन विशेष भूमिका खेलेका कारण पनि उनको चर्चा बढ्यो । भारतमा लागू भएको सो कनुनलाई केजरीवालको आन्दोलनको मुख्य उपलब्धि मानिन्छ ।

आईआईटी खडगपुरबाट मेकानिकल इन्जिनियरिङ गरेका केजरीवाललाई एसियाको नोबेल पुरस्कार मानिने म्यागसेसे पुरस्कार पनि दिइएको छ । उनको कुशल नेतृत्वको प्रशंसा गर्दै उनलाई सो पुरस्कार दिइएको हो । केजरीवालले सामाजिक आन्दोलनमा उत्रन जागिर पनि छोडे । सरकारी जागिर छोडेर सामाजिक आन्दोलनमा आएकाले केजरीवाललाई युवाले बढी मन पराउँछन् । दिल्लीम बिजुली र पानीको महसुस बढेपछि त्यसविरुद्ध विभिन्न समयमा अनसन बसे । उनले अनसन बसेपछि दिल्लीबासीलाई आन्दोलन चर्काउन आग्रह गरेका थिए । उनले दिल्लीबासीका जीवनमा असर गर्ने सूक्ष्म विषयलाई ध्यान दिने भएकाले उनको आन्दोलनलाई धेरैले प्रमुखताका साथ हेरेका छन् ।

सामाजिक काममा अग्रसर भएर अन्ना हजारेसँग अनसन बस्न थालेपछि केजरीवाललाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले पनि प्रमुखतामा राख्न थाले । प्रत्येक वर्ष विश्वभरिका प्रभावशाली व्यक्तिको सूची प्रकाशन गर्ने पत्रिका टाइमले केजरीवालको नाम पनि सन् २०१३ मा सूचीकृत भएको १५३ नाममा छनोट गऱ्यो । त्यो सूचीमा पर्ने केजरीवाल एकमात्र भारतीय नागरिक हुन् । सो सूचीमा परेपछि केजरीवालले अचम्म हुँदै भनेका थिए- 'मलाई कुन सूचीमा परेको छ भन्ने थाहा छैन । सूचीमा आउने मेरो उद्देश्य पनि होइन । म मान्छेको काममा आउन सकुँ त्यति भए पुग्छ ।'

# रोयल ट्रेक अर्थात् कास्कीको सुन्दर गाउँ कालिका




रोयल ट्रेकको रुपमा परिचित कास्कीको सुन्दर गाउँ हो कालिका । पोखरा महानगरिपालिका वडा नम्बर २८ मा पर्ने यो ठाउँ प्राकृतिक रुपमा सुन्दर रहेको छ । बेलायतका राजकुमारले यात्रा गरेको रुट भएको कारण यो ट्रेकको नाम रोयल ट्रेक रहन गयो । वि.सं. २०३७ सालमा बेलायतका राजकुमार चाल्सले पदयात्रा गरेपछि एक्कासी यसको चर्चा बढ्यो ।

विजयपुरबाट शुरु हुने रोयल ट्रेक कालिका, स्याक्लुङकोट, हंसपुर, रुपाकोट हुदै पोखरा फर्कन ४ दिन लाग्दथ्यो । राजकुमार चाल्सले विजयपुरबाट पैदल यात्रा शुरु गरि पहिलो दिन चिन्तेको डाँडामा बास बसेका थिए । कालिका, सौरे, लिप्यानी हुदै स्याक्लुङ कोटमा पुगी उनले दोस्रो रात बिताए । रुपाकोटको चिसापानीमा तेस्रो रात र वेगनासतालको जंगलमा चौथो रात उनले बिताए । द्वन्द्वकाल तथा यातायातको सुविधा थपिएपछि यो ट्रेक सुनसान जस्तै बन्यो ।

यातायातको साधन नचल्दा रोयल ट्रेक अर्न्तगत यात्रा गर्न खोज्ने पर्यटकको एक दिनको बसाई कालिकामा हुने गर्दथ्यो । धौलागिरी, माछापुच्छ्रे, अन्नपुर्ण, गणेश, लमजुङ लगायतका हिमाल एकैपटकमा हेर्नै सकिने यो ठाउँको विशेषता हो । पोखराबाट पैदल यात्रा गरी कालिकामा रहेको चिन्तेकोडाँडा, दुरारमको डाँडा तथा ठुलाकोटमा पुगेर एक रात बसाई पश्चात पर्यटक अगाडी बढ्थे । प्रचार प्रसारको अभावमा यो रुटको तर्फको आर्कषण बढ्न सकेन । केहि समय केहि सुस्ताएको यो ठाउँमा पछिल्लो समयमा घुम्न पुग्नेहरुको कारण पुनः चहलपहल बढ्दै गएको छ ।

पोखरा बजारबाट नजिकै रहेको कारण समय थोरै हुने व्यक्तिको लागि घुम्न यो ठाउँ सहज बन्दछ । यो ठाउँमा पिकनिक गएर रमाउन खोज्नेको चार्म समेत बढ्दै गएको छ । विभिन्न संघ संस्थ, कलेज स्कुलबाट पिकनिकको लागि समेत यहाँ पुग्छन् । पोखरा आउने आन्तरिक तथा बाह्य पर्यटकको लागि सन राइज तथा सन सेटको दृश्य हेर्नको लागि यहाँ पुग्छन् । पोखराबाट १३ किमि पूर्वको दुरिमा पर्ने यो ठाउँमा पुग्न पृथ्विराजमार्ग अर्न्तगत लेखनाथको कालिकाचोकबाट ७ किमिको दुरीमा पर्छ ।

यहाँ पुग्न नियमित रुपमा स्थानिय मिनिबस उपलब्ध हुन्छ । निजि कार, मोटरसाइकलमा सजिलै यहाँ पुग्न सकिन्छ । यहाँबाट कास्कीका सातवटा ताल एकै ठाउँबाट देख्न सकिन्छ । फेवाताल, बेगनास ताल, मैदी ताल, दिपाङ ताल, खास्टे ताल, न्युरिने ताल, कमलपोखरी यहाँ बाट देखिन्छ । कास्कीको मादी गाउँपालिकाका सुन्दर दृश्य, मादी नदि, पोखरा तथा लेखनाथका दृश्य सहित कास्की जिल्लाका अधिकांश ठाउँलाई यहाँबाट नियाल्न सकिन्छ । यहाँ रहेका साना होटल तथा टेन्ट बनाएर बस्न समेत यहाँ सहिन्छ । ठुलाकोटमा रहेको भैरव मन्दिरको धार्मीक महत्व समेत रहेको छ ।

कविशिरोमणी लेखनाथ पौडेलले यहाँ बसेरेनै विभिन्न साहित्यक रचना गरेका थिए । कालिकामा यतिबेला होटल तथा रिसोर्ट निर्माणाधिन अव्स्थामा रहेका छन् । केहि समय घुमघाममा निस्किइ मुड फ्रेस गरी पुन पोखरा फर्कन सकिने भएकोले पनि छोटो समयमा पोखराको व्यस्त बजार भन्दा केहि शान्त रमणिय ठाउँमा बस्न रुचाउन खोज्नेको गन्तव्य कालिका बन्ने गरेको छ । कालिकामा रहेका कोट भैरव मन्दिर र कालिका भगवती मन्दिरको आफ्नै धार्मिक महत्व रहेको छ ।

कालिकामा जानको लागि रानिपौवा, बाग्लुङ बसपार्क, चिप्लेढुङा, पृथ्विचोक, अम्मरसिँहचोक, विजयपुर, कालिकाचोक लगायतका ठाउँबाट सार्वजनिक सवारीसाधन उपलब्ध हुन्छ । प्राइभेट सवारीबाट पोखराबाट कसेरी, काफलघारी हुँदै पनि यो ठाउँमा पुग्न सकिन्छ । लेखनाथचोकबाट कविशिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल अर्घौ अर्चले हुँदै पनि कालिकामा पुग्न सकिन्छ ।

यहाँ पुगेर बस्नका लागि होटलको पनि व्यवस्था छ । गाउँमा पाइने अर्गानिक परिकारमा रमाउदै यात्रालाई अविस्मरणिय बनाउन यहाँ सकिन्छ । यो ठाउँमा चलचित्र तथा म्युजिक भिडियो छायाकंनका लागि समेत पुग्ने गर्दछन् ।

प्रेरक

## आलोचनाको वर्षा

एक अति सामान्य परिवारबाट उठेर अब्राहम लिंकन अमेरिकाका १६औं राष्ट्रपति बन्न सफल भए । राष्ट्रपति बनेपछि उनले दासप्रथा अन्त्य गरे । उनले धेरैको वाहवाही पनि पाए । तर, उनका आलोचक पनि कम्ती थिएनन् । कतिपयले पत्रपत्रिकामार्फत पनि उनको आलोचना गर्थे ।

लिंकनको आलोचना निकै बढ्दै गए पनि उनी भने थाहै नपाएजस्तो गरी आफ्नै काममा व्यस्त रहन्थे । राम्रो काम गर्दागर्दै पनि लिंकनको आलोचना भएको देख्दा उनका आफन्त र साथीहरू भने निकै आक्रोशित भइरहेका थिए । उनीहरू स्वयं लिंकनबाटै यसको प्रतिवाद होस् भन्ने चाहन्थे । तर, लिंकनले भने यसबारे चासो दिइरहेका थिएनन् ।

एकदिन लिंकनका अत्यन्त निकट मित्रले मौका मिलाएर सोधे- प्रिय मित्र, तिमी देश र देशवासीका लागि यति राम्रा-राम्रा काम गरिरहेका छौ । तैपनि, मानिसहरू तिम्रो प्रशंसाको साटो चाहिने-नचाहिने आलोचना गरिरहेका छन् । तिमी किन तिनलाई जवाफ दिँदैनौ ? तिमी मौन रह्यौ भने त यी आलोचना सही ठहरिँदैनन् र ? मित्रको कुरा सुनेपछि लिंकन मुसुक्क मुस्कुराए र भने– मेरा प्यारा मित्र, एउटा कोणबाट हेर्दा तिमीले भनेको ठिकै हो । तर, यस्ता वाद-प्रतिवादमा लागेँ भने मैले देश र जनताका लागि कामचाहिँ कहिले गर्नु ? म देश र जनताको हितमा काम गरिरहन्छु ।

मेरा कामले देश र जनताको हित गरे भने आलोचकका मुख स्वतः बन्द हुन्छन् । तर, मैले राम्रा काम गर्न सकिनँ भने यस्ता आलोचनाको थप वर्षा हुन्छ, जसबाट मलाई कसैले पनि बचाउन सक्नेछैन ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला। अस्वस्थताले काममा जुट्न नसकिएला। सहयोगको आशा देखाउनेहरूबाट धोका हुन सक्छ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा मेहनतको फल प्राप्त हुनेछ। फाइदा नहुने काममा जुट्नुपरे पनि सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ ।

### वृष

आफ्ना सूचना बाहिरिनाले समस्या पर्न सक्छ। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला। पहिले बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्दा फाइदा उठाउन सकिनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ ।

### मिथुन

हडबडले काम बिग्रनेछ भने धैर्य एवं मेहनतले मनग्य आम्दानी दिलाउनेछ। अतिथिका रूपमा सम्मान प्राप्त होला। मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ। विभिन्न सहयोग र उपहार पाइनेछ। सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन्। परिवारजनको साथले नयाँ आशा जगाउनेछ। वादविवादबाट जोगिने प्रयत्न गर्नुहोला।

### कर्कट

रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। नयाँ योजना शुभारम्भ गर्ने समय छ। फजुल खर्च भने बढ्न सक्छ।

### सिंह

समय तालिका नमिल्दा योजना अधुरै रहनेछ। हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ। आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ। अध्ययनमा कमजोरी अनुभूति हुनेछ भने अरूका लागि वृद्धि र श्रम खर्चनुपर्ला। परिस्थितिवश अड्किेको काम रोकिन सक्छ। नयाँ काम प्रारम्भ गर्न समय प्रतीक्षा गर्नुहोला।

### कन्या

समयमा आलस्य गर्दा दुःख पाइनेछ। बेसुरमा बोल्ने बानीले काम बिग्रने अवस्था आउन सक्छ। साझेदारीमा समस्या आउनुका साथै पहिलेको सम्झौता भंग हुने देखिन्छ। अरूको फाइदाका लागि उपयोग भइएला। पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ। अरूको सुझावमा भर नपर्नुहोला। प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ।

### तुला

नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ। उद्योग र व्यापारमा फाइदा हुनेछ। तर अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ने परिस्थिति आउन सक्छ। शक्तिशाली व्यक्तिहरूसँग प्रतिस्पर्धामा उत्रनुपर्ला। तापनि मेहनतले अवसर दिलाउनेछ। कर्मको उचित प्रतिफल पाइने हुँदा राम्रै धन आर्जन हुनेछ। अग्रजहरूको मार्गदर्शन लाभदायक रहनेछ।

### वृश्चिक

आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला। बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ। स्थायी सम्पत्तिमा विवाद आउन सक्छ। मेहनत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ। ईर्ष्या गर्नेहरूले पनि सताउनेछन्। पहिलेकै काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। अध्ययनमा समय दिन नसकिएला।

### धनु

आफन्तको साथले उत्साह जगाउनेछ। इच्छाशक्ति बढ्नेछ भने रचनात्मक कार्य शुभारम्भ हुनेछ। समय फुर्सदिलो रहनेछ। स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। परिवारजनसँग आत्मीयता बढ्नेछ। परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ। प्रतिष्ठा, मान-सम्मान पाइनेछ। साथै दिनेहरू बढ्नेछन्। प्रेम र मित्रताको बन्धन कसिनेछ।

### मकर

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला। समय दिन नसक्दा काम बिग्रन सक्छ। लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। शुभचिन्तकहरू समेत टाढा हुनेछन्। धेरै लगानीपछि कममात्र फाइदा हुनेछ।

### कुम्भ

मेहनत गर्दा नयाँ काम फेला पर्नेछ। कृषि, पशुपालनमा आदिमा फाइदा हुने समय छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चल/अचल धनको उपयोगबाट फाइदा उठाउन सकिनेछ।

### मीन

प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। तर पहिलेका कमजोरी बाहिर आउनाले काममा समस्या पर्न सक्छ। तापनि विभिन्न अवसरले पछ्याउनेछन्, गोपनीयतामा ध्यान पुर्याउनुहोला। मिहिनेत गर्दा भविष्यका लागि जग बसाउने मौका छ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। नोकरी तथा व्यवसायमा सामान्य फाइदा हुनेछ।

## समाचार संक्षेप

### सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु

काठमाडौं । धादिङ, मकवानपुर र सिरहाका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ ।

धादिङ, बेनिघाट रोराङ गाउँपालिका(३ मलेखु बजारस्थित सडकमा ना.५ त ९१६० नम्बरको ट्याक्टरले कुल्चिँदा ट्याक्टरमा सवार गजुरी गाउँपालिका(२ बस्ने २१ वर्षीय हरि सुनारको मंगलबार दिउँसो मृत्यु भएको छ । मलेखुबाट त्रिशुली नदीतर्फ जाँदै गरेको उक्त ट्याक्टरबाट खस्न गई सोही ट्याक्टरले कुल्चिँदा उनको घटनास्थलमै मृत्यु भएको हो । फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

मकवानपुर, मनहरी गाउँपालिका(६ सुनाचुरीस्थित सडकमा प्रदेश नम्बर ३(२१२ प ३५६८ नम्बरको मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका पैदलयात्री हेटौडा उपमहानगरपालिका(१९ सान्नानिटार बस्ने ४५ वर्षीय दिपक सुवेदीको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मंगलबार साँझ मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक सिरहा लहान नगरपालिका(९ बस्ने २२ वर्षीय अभिमन्य चौधरी र मोटरसाइकलमा सवार नवलपरासी मध्यबिन्दु नगरपालिका बस्ने २१ वर्षीया एलिशा थनेतको सोही अस्पतालमा उपचार भइरहेको छ ।

सिरहा, लक्ष्मीपुरपतारी गाउँपालिका(६ देवारीस्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका पैदलयात्री सोही गाउँपालिका सिताापुर बस्ने ६० वर्षीय शिव नारायण यादवको सप्तऋषि अस्पताल लहान हुँदै थप उपचारको लागि न्यूरो अस्पताल विराटनगरतर्फ लैजाने क्रममा मंगलबार राति बाटोमै मृत्यु भएको छ । ठक्कर दिने मोटरसाइकल र चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### छुट्टाछुट्टै दुर्घटनामा परी ४ जनाको मृत्यु

काठमाडौं । बारा, पचरौता नगरपालिका ९ स्थित सडकमा लु.२१ प ६९६३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई पल्टिएर सोमबार बेलुका दुर्घटना हुँदा मोटरसाइकल चालक सोही ठाउँस्थित काला बंजरटोल बस्ने ३५ वर्षीय मन्जय ठाकुर लोहारको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका उनलाई उपचारका लागि जिल्ला अस्पताल कलैयातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

रुपन्देही, मायादेवी गाउँपालिका(४ वनकसीयास्थित सडकमा लु.१ ख ३३१४ नम्बरको टिपरले लु.२ प १८७९, नम्बरको मोटरसाइकललाई मंगलबार बिहान ठक्कर दिँदा मोटरसाइकल चालक सोही गाउँपालिका(२ भिलरहवा बस्ने ६० वर्षीय रमेश लोधको घटनास्थलमै मृत्यु भएको छ । फरार टिपर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

सप्तरी, बोदेबर्साईन नगरपालिका(४ गौरास्थित सडकमा ना.१ क ५५२७ नम्बरको टिपरले स.१ ह ३७९५ नम्बरको अटोलाई मंगलबार बिहान ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरुमा अटोमा सवार भारत मोतिहारीका २६ वर्षीय मोहम्मद सदाम हुसेन र महादेव गाउँपालिका(१ बस्ने ५५ वर्षीय फुनकुनीय खातुन रहेका छन् । हुसेनको घटनास्थलमै मृत्यु भएको हो भने खातुनको जीवन दिप अस्पताल बोदेबर्साईनमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका अन्य ६ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । टिपर चालकलाई नियन्त्रणमा लिई हाल फरार अटो चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु

काठमाडौं । कास्की र बाराका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ ।

कास्की, पोखरा महानगरपालिका(१४ चाउथेस्थित सडकमा प्रदेश नम्बर ३(०१(०२२ च ०६६१ नम्बरको कार अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा गम्भीर घाइते भएका कारमा सवार स्याङ्जा विरुवा घर भएका २७ वर्षीय याम बहादुर मगरको पश्चिम क्षेत्रीय अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका कारमा सवार अन्य ३ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । कार र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बारा, पचरौता नगरपालिका ८ ढोरापुल नजिक ना.२३ प २७४६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक पचरौता नगरपालिका(८ बस्ने २२ वर्षीय विजय यादव र मोटरसाइकलमा सवार ५५ वर्षीय रामेश्वर यादवको जिल्ला अस्पताल कलैयामा उपचारको क्रममा मृत्यु भएको हो ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Guffaw = होहल्ला The laud guffaw coming out of the room indicates that the matter has not yet settled ( कोठाबाट बाहिर आइरहेको चर्को होहोल्लाले कुरा अझै नमिलेको इंगित गर्दछ )

Hummock = सानो पहाड He is so fat and ascent even of a hummock is very difficult for him ( उ यति मोटो छ की सानो पहाड चढ्न पनि उस्लाई कठिन हुन्छ)

Impervious = नखिइने । पातलो हुँदै जाने । हानी पुरयाउन नसकिने This carpet is very much thick and impervious to ordinary wear and tear (यो गलैचा यति बाक्लो छ की साधारण प्रयोगबाट यो पातलो हुँदैगई प्वाल पर्दैन)

Junket = सरकारी खर्चमा गरिएको मनमोजी घुमफिर His trip to Bangkok was not aimed at medical test but was merely a junket (उस्को बैंकक भ्रमणको उद्धेश्य स्वास्थ्य परिक्षण गर्ने भनिएता पनि यो एउटा मनमोजी घुमफिर थियो)

Knoll = गोलाकार सानो पहाड In order to reach the fort you have to climb a knoll किल्लामा पुग्ने हो भने तिमीले सानो गोलाकार पहाड चढ्नै पर्दछ)

Luxuriant = ढकमक्क । झकिझकाउ । परिपूर्ण । खदिलो । झाँगिएको Merry is very much beautiful with her luxuriant hair (मेरी आफ्ना झाँगिएको कपालको कारणले गर्दा निकै सुन्दर छिन )

Militate = बाधा पुरयाउनु Your frequent absence in the meeting might militate your chances of being elected ( तिम्रो बारंबार दोहोरिने अनुपस्थितिले निर्वाचितहुने तिम्रो संभावनालाई बाधा पुरयाउन सक्तछ)

Nurture = पुष्ट पार्नु । राम्ररी स्याहार गर्नु । हुर्काउनु It is difficult to nurture a tropical plant in a cold climate ( गर्मि ठाउमा हुने विरुवालाई जाडो ठाउमा हुर्काउन गाह्रो हुन्छ )

Ostentatious = अरूको ध्यान आफूतिर खिच्ने प्रवृत्ति । देखाउन पर्ने स्वभावको She dresses in a very ostentatious manner (तिनी अरू आफूबाट आकर्षित होउन् भन्ने सोची त्यही अनुरुप लुगा लगाउदछिन् )

Pervasive = सबैतिर फैलिने । सबैतिर ब्याप्त Because of pervasive odor we could not stay for long in his room (सर्वब्याप्त दुर्गन्धले गर्दा हामी उसको कोठामा धेरैबेर वस्न सकेनौं)

## Run बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Run over something = सरसरति हेर्नु He runs over the headlines but not the news in detail उ समाचारको शिर्षक मात्रै सरसरति हेर्छ पुरै समाचार पढ्दैन ।

Run across = चोरी निकाशी गर्नु They run the guns across the boarder तिनीहरु बन्दुकको चोरी निकाशी गर्छन

Run around = वरिपरि लगाउनु The fence runs around the whole field जग्गाको वरिपरि वार लगाइएको छ ।

Run for = सम्म चल्नु That movie ran for six months with housefull यो सिनेमा छ महिनासम्म हाउसफसल भएरै चल्यो ।

Run headline = शिषर्क रहनु The corona epidemy ran almost all the news papers' headline yesterday हिजोको झण्डै जस्तो सबै पत्रिकाको हिर्षक कोरोनाको महामारी रह्यो ।

Run into = गएर मिस्सिनु The Rhine river run into the North sea राइन नदी उत्तरी महासागरमा गएर मिसिन्छ ।

Run down to = झर्नु The tear ran down to her cheek आसु झरेर उन्को चिउडोसम्मै पुग्यो ।

Run with = भिज्नु After the mass killing, the wholeo street was running with blood आमहत्या पछि पुरै सडक रगतले भिजेरहेको थियो ।

Run all over = पुरै भिज्नु Because of leakage, the water was running all over the bathroom चुहने कारणले गर्दा पुरै स्नानघर भिजेको थियो ।

Run something for somebody = खन्याउनु Can you please run slowly warm water for me तिमीले विस्तारै मलाइ तातो पानी खन्याइ दिन्छौ की? ।

### सुडोकु-अंक १८८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ५ | | २ | | ४ | |
| | ४ | ९ | | | | १ | | |
| | | | | ६ | | | | ७ |
| | | | ७ | | | | ९ | |
| ९ | | २ | १ | | ५ | ८ | | ६ |
| | ३ | | | | ८ | | | |
| ८ | | | | ७ | | | | |
| | | ५ | | | | ३ | २ | |
| २ | | ३ | | १ | | | | |

### अंक १८७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | २ | ८ | ३ | ९ | ६ | ४ | ५ | १ |
| ५ | ६ | ९ | १ | ७ | ४ | ८ | २ | ३ |
| ४ | ३ | १ | २ | ५ | ८ | ७ | ९ | ६ |
| ३ | ८ | ६ | ७ | १ | २ | ५ | ४ | ९ |
| १ | ५ | ४ | ९ | ८ | ३ | ६ | ७ | २ |
| २ | ९ | ७ | ४ | ६ | ५ | १ | ३ | ८ |
| ८ | १ | ३ | ५ | २ | ७ | ९ | ६ | ४ |
| ६ | ७ | २ | ८ | ४ | ९ | ३ | १ | ५ |
| ९ | ४ | ५ | ६ | ३ | १ | २ | ८ | ७ |

सीप सिकौं, पुनः निर्माणमा योगदान गरौं । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघरसंस्थाले गाउँगाउँमा डकर्मी, सिकर्मी तालिम दिइरहेका छन् । यस्ता तालिममा सहभागी भई सीप सिकौं, पुनःनिर्माणमा योगदान गरौं । जीविकोपार्जनमा टेवा पुऱ्यायौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# शब्दचित्रमा रूपेश श्रेष्ठ









1. Family Name : **Shrestha**
2. Name: **Rupesh**
3. Date of Birth: Feb 18, 1988
4. Place of Birth: Patan, Lalitpur, Nepal
5. Address : Khumaltar, Lalitpur
6. Postal address Tel: **+977 9841945089**
   Email: **rupeshshrestha2005@gmail.com**
7. Citizenship: **Nepali**
8. Marital Status: Married
9. Height: 5 ft 9 inches
10. Sex: Male
11. Language Efficiencies

| | |
|---|---|
| Nepali | Mother Tongue |
| English | Excellent |
| Nepal Bhasa | Excellent |
| German | Good |
| Hind | Good |

**12.Professional Affiliation/Membership**

General Member of Nepal Engineers' Association (NEA)

Member of Nepal Engineering Council

Life member of Society of Nepalese Architects (SONA)

Life member of Nepal German Academic Association (NEGAAS)

General member of Goethe Zentrum Kathmandu

**13.Award/Honor/International Scholarships**

DAAD - The German Academic Exchange Service Scholarship for Young Professionals for Development-Related Postgraduate Courses, 2014 – 2016

Jeffrey Cook Memorial Scholarship 2015 by Society of Building Science Educators (SBSE)-USA for presenting in seminar with theme "REGIONS and LOCALITIES" – at North Carolina, USA.

**14 Recent Involvement**

Secretary at Nepal German Academic Association (NEGAAS), 2018-20
DAAD (German Academic Exchange Service) Young Ambassador 2018-20

**15. Educational Qualification**

Master's in Natural Resources Management and Development (M.Sc.)

University of Applied Sciences- Cologne (TH Köln), Germany

Bachelor in Architecture (B.Arch)

Tribhuvan University, Pulchowk Campus, Lalitpur, Nepal

Project Management Professional (PMP)

Project Management Institute, Newtown Square, PA, USA

**16. Training**

Training on Development Facilitation, Environmental Camps for Conservation Awareness (ECCA Nepal), Bhaktapur, Nepal 2010

Training on Green Building Technology using Compressed Stabilized Earth Block (CSEB), Institute of Engineering (IOE), Pulchowk Campus, Nepal 2011

School of economics and entrepreneurship "Arthalaya-making sense of it all", Samriddhi foundation, Dhulikhel, 2011

National training on "Seismic Vulnerability Assessment of Buildings for Engineers", United Nations Development Programme, Lalitpur, Nepal, 2012

Training on "Community and Post Disaster Program Management", Infinity Training and psaproject, Australia, 2018

**17. Working Experiences**

Architect / Consultant working in heritage conservation, post-disaster reconstruction, WASH and sustainable built environment

**18. Career in Rotary/Lion or in any other social inst. :**

Counselor at Environmental Conservation Camp for Awareness (ECCA - Nepal)

Past-Secretary at Rotaract Club of Kathmandu Sunrise

**19. International Conference/ Trade Fairs/ Seminars/ Workshops/ Projects/Colloquien**

Master's student project on "Sustainable Tourism In Marsa Matrouh Governorate Northwestern Coast" Ain Shams University, Egypt 2015

Participation in Conference on Passive and Low-Energy Architecture, Los Angeles California, USA 2016

1st Exceed Conference on **Forced Migration – environmental and socioeconomic dimensions** – Perspectives of higher education institutions in development cooperation, Berlin, Germany 2016

Master's student Project on "Environment-focused learning and operative platform elop*", Queretaro, Mexico, 2016

Workshop on "Rebuilding with Communities", Lumanti Support Group for Shelter, Kathmandu, 2016

Paper presentation at National Workshop on "Urban Risk Resilience", organised by Center for Urban Planning Studies, IOE, Lalitpur, 2017

Paper presentation at 6th CIB International Conference on Smart and Sustainable Built Environments, University of Technology Sydney, Australia 2018

Paper presentation at "4th World Congress on Disaster Management (WCDM-2019)", Indian Institute of Technology (IIT) Bombay, India, 2019

Workshop on "Open Data Hackathon", Open Knowledge Nepal, Kathmandu, 2019

Participation in seminar on "Resilient Flood Risk Management", TH Köln – University of Applied Sciences, Germany, 2019

**20. Published and Unpublished Research Works**

**Book Chapters**

Shrestha, Rupesh, Alexander Fekete, and Simone Sandholz. 2020. "Post-Earthquake Recovery in Nepal." In Post-Earthquake Recovery in Nepal, R. Roggema, A. Roggema (eds.),. Contemporary Urban Design Thinking, Smart and Sustainable Cities and Buildings. (on publication): Springer Nature Switzerland AG.

**Journal papers**

Shrestha, Rupesh. 2019. "Post-Earthquake Heritage Recovey in Kathmandu Valley." Nepal German Academic Association Journal.

Article on *God Behind Bars* - on the 10th volume of VAASTU, an annual journal of aarchitecture, published by association of students of architecture (ASA).http://tribhuvan.academia.edu/RupeshShrestha/Papers/827236/God_Behind_Bars

A. Pandit, K. K.C, R.Singh, R. Maharjan, R. Shrestha, S. Maharjan, S. Sthapit, S. Manandhar, Article on *Conservation studio (Thimi)* on the 11th volume of VAASTU, an annual journal of architecture, published by association of students of architecture (ASA), 2011

**Magazine Articles**

Article on *Jagat Narayan Temple* - published on SPACES magazine, July - August 2009, VOLUME 5 ISSUE 5, published by IMPRESSIONS Publishing Pvt. Ltd.,

http://www.spacesnepal.com/archives/jul_aug09/jagat_narayan_temple.htm

Article on *Rudravarna Mahabihar (Uku Baha)*– published on SPACES magazine, March -April 2010 issue, published by IMPRESSIONS Publishing Pvt. Ltd.,

http://www.spacesnepal.com/archives/mar_apr010/2010CD10.php

Article on *Lumbini its challenges now and then* - published on SPACES magazine, September – October 2010, published by IMPRESSIONS Publishing Pvt. Ltd.,

http://www.spacesnepal.com/archives/sept_oct10/2010IJ8.php

**21. Countries and Places Visited:**

Countries in European Union (EU), United Kingdom, USA, China, India, Mexico, Egypt, UAE, Australia, Thailand

Office Equipment Problems?
Get your solution today!
CrossWeb
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

## एमसीसीविरुद्ध...






भारतीय डोजर दौडिरहेको अवस्थामा पनि सरकार चुप रहेको र नौ दलका तर्फबाट दिएको सुझाव र सल्लाहको समेत बेवास्ता गरेकाले अब सरकारलाई सडकबाटै गतिलो जवाफ दिनुपर्ने बेला आएको छ भन्नुभयो ।

रक्षामन्त्री हेलिकप्टर चढेर दार्चुला पुगे पनि नयाँ कुरा केही नबोली पुरानै कुरा बोल्दै 'हामीले भारतलाई नोट पठाइसकेका छौं' मात्र भनेका छन् भन्दै नेता गजुरेलले आफ्नो भूमि समेत आफ्नो हो भन्न नसक्ने र नक्सासमेत बनाउन नसक्ने सरकारले सार्वभौमसत्ता र नेपाली भूमिको रक्षा गर्न नसक्ने बताउनुभयो ।

एमसीसीबारे बोल्दै अध्यक्ष गजुरेलले यो पेन्टागनले बनाएको इन्डोप्यासिफिक रणनीतिकै अंग भएको स्पष्ट पार्नुभयो । अमेरिकाले पहिला एमसीसी नामको लैनो भैंसी दिएर इन्डोप्यासिफिक रणनीतिको पाडो सँगसँगै पठाउन खोजेको रोचक उदाहरण उहाँले प्रस्तुत गर्नुभयो । एमसीसी सुगरकोटेट पोइजनको ट्याबलेट भएकाले यसलाई कुनै हालतमा स्वीकार्नु नहुने उहाँले बताउनुभयो । नेकपा मालेका स्थायी समिति सदस्य सुरेन्द्र ढकालले एमसीसीको सूत्रपात कसरी भयो भन्नेबारे लामै व्याख्या प्रस्तुत गर्नुभएको थियो ।

उहाँले नेपालमा अमेरिकाको हिन्द प्रशान्त रणनीति लागू भइसकेको उदाहरण दिँदै उत्तर कोरियाका व्यवसायीलाई नेपालबाट लखेटेर संयुक्त राष्ट्रसंघमार्फत अमेरिकाले आफ्नो रणनीति लागू गर्न सफल भएको बताउनुभयो । उहाँले भारतले नेपाललाई दिने सहयोग कटौती गरेर एमसीसीमा हाल्न लाग्दैछ भन्दै अमेरिकाले अष्ट्रेलिया, जापान, न्युजील्यान्डलगायत नेपालका दातृ राष्ट्रहरुलाई सहयोग कटौती गरेर एमसीसीमा हाल्न लगाउने बताउनुभयो । एमसीसीमार्फत अमेरिकाले हाम्रो भूमिलाई तिब्बत स्वतन्त्र गराउने आधार शिविर बनाउन लागेकाले एमसीसी सम्झौता खारेजीमा सम्पूर्ण राष्ट्रवादी शक्ति एकजुट भएर लाग्नसमेत ढकालले आह्वान गर्नुभयो । चीनले अन्तर्राष्ट्रिय पूर्वाधार बैंकमार्फत लगानी गर्न अघि सारेको बेल्ट एन्ड रोड कार्यक्रम ध्वस्त बनाउने षड्यन्त्र स्वरुप आएको एमसीसी लागू भएमा नेपाल 'साँढेको जुधाइ बाच्छाका मिचाइ' को अवस्थामा पुग्ने निश्चित भएको उहाँले बताउनुभयो । जनताले एमसीसी लागू गराउने नेताहरुलाई भदौ १६ को घटना दोहोरिने गरी घरघरमा गएर कारबाही गर्नुपर्छ उहाँले भन्नुभयो ।

अतिक्रमित नेपाली भूमिबारे बोल्दै नेता ढकालले भारत सुगौली सन्धिले निर्धारण गरेको सीमा मान्दैन भने नेपालले त्यसभन्दा अगाडिको टिस्टा काँगडा फिर्ता माग्नुपर्छ अनि मात्र भारतले बुझ्नेछ भन्नुभयो ।

नेकपा मसालका प्रवक्ता रामप्रकाश पुरीले साम्राज्यवादीको परेडस्थल नेपाललाई बन्न नदिन सबै दलहरु एक ठाउँ उभिन आवश्यक रहेको बताउनुभयो । ५५ अर्ब रुपैयाँमा नेपालको स्वाधीनता अमेरिकाको पाउमा सुम्पने राष्ट्रघातीहरुका विरुद्ध राष्ट्रवादी स्वरहरु एक हुन आवश्यक रहेको पुरीले बताउनुभयो ।

नेपाल कम्युनिस्ट पार्टीका सहसंयोजक लोकनारायण सुवेदीले नेपाललाई साम्राज्यवादीको हातमा पास गर्न केपी ओली सदनबाट एमसीसी पास गर्न लागिपरेका छन् भन्दै यो कुनै हालतमा पास हुन दिनु हुँदैन भन्नुभयो । भारतले सीमा अतिक्रमण मात्र नभएर नक्सासमेत अतिक्रमण गरेकाले नेपाली जनता एक जुट भएर अतिक्रमणका विरुद्ध उत्रिन आवश्यक रहेको उहाँले बताउनुभयो ।

जनसमाजवादी पार्टीका अध्यक्ष सुभाषराज काफ्ले र राष्ट्रिय जागरण परिषद्का सचिव हेमन्त सेढाइँले पनि अन्तर्क्रियामा आफ्नो धारणा राख्नुभएको थियो । नेकपा क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य दिनेश शर्माको सभापतित्वमा भएको अन्तर्क्रियामा सहभागीहरुले प्रश्न गरेका थिए । कार्यक्रमको सञ्चालन घनश्याम न्यौपानेले गर्नुभएको थियो ।

## नौ दल...

आलोचना गर्दै एमसीसी कुनै हालतमा पास नगर्न सांसदहरुलाई कडा चेतावनी दिएका थिए । वर्तमान नेपालको अवस्था प्रतिपक्षविहीन तत्कालीन सिक्किम विलयको समयको अवस्था जस्तो भएको र प्रतिपक्षमा रहेको कांग्रेस समेत राष्ट्रघीहरुकै झुण्ड रहेकाले एमसीसी पास हुने खतरा भएकाले अब जिम्मेवार प्रतिपक्षको भूमिकामा सम्पूर्ण देशभक्त जनता उभिनुपर्ने बेला आएको बताए । एमसीसीको ५५ अर्ब रुपैयाँको जालो थापेर अमेरिकी साम्राज्यवाद नेपाल भित्रिन खोजेको र नेपाली भूमि चीनको प्रगति रोक्ने अभियान र तिब्बत स्वतन्त्र गराउने अभियानमा अमेरिकी सेनाको बुट बजार्ने सैन्य अखडाका रुपमा प्रयोग हुने खतरा भएकाले एमसीसी रोक्न विशाल जनदबाबको खाँचो रहेकोमा वक्ताहरुले जोड दिए ।

संसदबाट यदि एमसीसी पास गरियो भने राष्ट्रघातको कालो पोतेर बाहिर निस्कने सांसदहरुलाई जनताले घरघरमै गएर कारबाही गर्न सक्ने चेतावनी पनि नौ दलका नेताहरुले दिएका छन् । संसदभित्र राष्ट्रवादी सांसदहरु पनि भएका र एमसीसीको विपक्षमा बोलिरहेकाले त्यस्ता सांसदहरुलाई बाहिरबाट बल पुऱ्याउन पनि विरोध कार्यक्रमलाई निरन्तरता दिनुपर्ने नेताहरुले बताए ।

यसैगरी भारतले नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरा, कपटपूर्ण ढंगले भारतको नक्सामा राखेर औपचारिक रुपले अतिक्रमण गरेकोमा भारतीय विस्तारवादको घोर भर्त्सना गर्दै अविलम्ब नेपाली भूमि फिर्ता गर्न वक्ताहरुले जोड दिए । भूमि अतिक्रमणमा पर्दा पनि सरकार मौन बसेको र आफ्नो वास्तविक नक्सासमेत सार्वजनिक गर्न नसकेकोमा सरकारमा भारतीय दलालहरुको हालीमुहाली रहेको नेताहरुले बताए । सरकारका ५० वटाभन्दा बढी काण्डहरु भए पनि राष्ट्रियतासँग जोडिएका एमसीसी र नेपाली भूमि अतिक्रमणको मूल मुद्दामा सम्पूर्ण राष्ट्रवादी शक्तिहरु एकढिक्का हुन जरुरी रहेको अन्यथा नेपालको राष्ट्रियता जोगिन नसक्ने ठहर वक्ताहरुको थियो ।

विरोध सभालाई नेकपाका सहअध्यक्ष लोकनारायण सुवेदी, जनसमाजवादी पार्टीका अध्यक्ष सुभाषराज काफ्ले, माओवादी केन्द्रका उपाध्यक्ष तिलक थापा, नेकपा क्रान्तिकारी माओवादीका नेता दिनेश शर्मा, नेकपा मसालका प्रवक्ता रामप्रकाश वपुरी, राजमो अध्यक्ष चित्रबहादुर केसी, देशभक्त गणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, नेकपा मालेका महासचिव सीपी मैनालीले सम्बोध्न गर्नुभएको थियो । सुनिता बुढाथोकीले देशभक्तिपूर्ण कविता वाचन गर्नुभएको कार्यक्रमको सञ्चालन हेमन्त सेढाइँले गर्नुभएको थियो ।

# आज महाशिवरात्रि, पशुपति परिसर झकिझकाउ

काठमाडौं । आराध्यदेव शिवजीको विशेष पूजा, अर्चना र दर्शनको लागि महाशिवरात्रिका दिन सम्पूर्ण शिव मन्दिरहरुमा भक्तजनहरुको भीड लाग्ने गर्छ । शिवजीको सबैभन्दा ठूलो शक्तिपीठका रुपमा रहेको पशुपतिनाथमा श्रद्धालु भक्तजनहरुको घुइँचो थामिनसक्नु छ ।

यसपटकको महाशिवरात्रिको विशेषता भनेको सधैंभन्दा बेग्लै छ । पशुपतिक्षेत्र परिसर पूरै सयपत्रीका माला र फूलैफूले झकिझकाउ छ । मानौं लक्ष्मीपूजाको दिन जस्तो ।

केदारनाथको शिर मानिएको भक्तपुरको डोलेश्वर धाममा पनि शिवरात्रिमा दर्शनाथीहरुको त्यत्तिकै भीड लाग्ने गरेको छ । यहाँ पनि साधुसन्तहरु ओइरने क्रम बढेको छ । त्यस्तै भक्तपुरकै साँगामा रहेको शिवजीको मूर्तिमा पनि महाशिवरात्रिका दिन भक्तजनहरुको घुइँचो देखिएको छ ।

यस वर्षको महाशिवरात्रि पर्वको सम्पूर्ण तयारी पूरा भएको जानकारी पशुपति क्षेत्र विकास कोष मेला आयोजक समितिले दिइसकेको छ । यस वर्ष झन्डै २० लाख दर्शनार्थीको पशुपति परिसरमा उपस्थिति रहने बताइएको छ ।

महाशिवरात्रिका दिन नेपाल र भारतका विभिन्न ठाउँदेखि आएका ६ लाखभन्दा बढी भक्तजनले दर्शन गर्ने अनुमान गरिएको छ । दर्शनार्थीलाई सहजता प्रदान गर्न मन्दिरका चारवटै ढोका खुला गरिने भएको छ । चारवटा




दर्शन मार्गबाट लाइन बस्नेलाई एक घन्टाभित्रमा दर्शन गर्न पाउने व्यवस्था मिलाइएको छ । यस वर्षबाट विशेष टिकट लिएर लाइन नबसी दर्शन गर्न पाउने व्यवस्था हटाइएको आयोजक समितिले जनाएको छ ।

नेपाल तथा भारतका विभिन्न अखडाहरुबाट आउने साधुसन्त नागाबाबाहरुको रेखदेख, खानपान र धुनी ताप्ने व्यवस्था मिलाउन गुठी संस्थानले छुट्टै व्यवस्था गरेको छ । यस्ता बाबाहरुलाई गुठी संस्थानले स्तरअनुसार दान दक्षिणा समेत दिएर बिदा गर्ने चलन छ । विभिन्न धार्मिक तथा समाजसेवी संघसंस्था, अस्पताल, रेडक्रस लगायतले भक्तजनको सहजताका लागि काम गर्न पशुपति परिसरमा शिविर स्थापना गरेका छन् । स्थानीय प्रशासनले राम्रो सुरक्षा प्रबन्ध मिलाएको जानकारी प्राप्त भएको छ ।

शिवरात्रिका अवसरमा पशुपति परिसरमा कति भक्तजनहरु दर्शनका लागि लामबद्ध हुन्छन् भने कतिपय गाँजा, भाङ, धतुरो सेवन गर्न साधुबाबाहरुकोमा भीड लाग्ने गर्छन् । साधुको भेषमा गाँजाको व्यापार गरेर विकृति बढाउने पनि उत्तिकै छन् । यसतर्फ सम्बन्धित निकायले ध्यान दिनैपर्ने हुन्छ ।

शिवरात्रिको मेलालाई लिएर हरेक वर्ष दर्शनार्थीहरुको गुनासा आउने गरेका छन् । १ घण्टाभित्रमा दर्शन गर्ने व्यवस्था मिलाइएको छ भने तापनि व्यवस्थापकीय कमजोरीका कारण समयमा दर्शन गर्न नपाउने र कतिपय भक्तजन लाइनमै बेहोस हुने गरेका पनि छन् । त्यसैगरी स्वयंसेवकको भेषमा रहनेहरुले पनि पासको दुरुपयोग गर्दै आफ्ना मानिसहरु बेलाइनमा घुसाउने गरेकाले लाइन बस्ने दर्शनार्थीलाई बाधा पर्ने गरेको गुनासो आएका छन् । यसपटकको मेलामा सबैखाले कमी कमजोरीमा व्यवस्थापन समितिले ध्यान पुऱ्याउन जरुरी छ ।

## भीमेश्वर...

हुन्छ । सकारात्मक वा नकारात्मक परिवर्तन, अनिष्टका घटनाको पूर्वसूचकको रूपमा भीमेश्वरको पसिनालाई लिइन्छ । भीमसेनलाई पसिना आएमा राष्ट्रपतिले क्षमा पूजा गर्नुपर्ने र भक्तजन भेला भएर घण्टी बजाउने, धुपबत्ती गर्ने, मन्दिरका मुख्य व्यक्तिले पञ्जाले हम्कने चलन छ ।

## बरालिँदै...

सीमित रह्यो । ०४६ पछि झन्डै २१ वटा सरकारहरु फेरिए । तर कसैले पनि कालापानीबारे भारतसमक्ष कूटनीतिक ढंगले आवाज उठाएनन् । आन्तरिक द्वन्द्व र राजनीतिक सघन दाउपेचमा दलहरुका लागि सीमा विवाद कहिल्यै प्रधान विषय बनेन । कालापानी, सुस्ता लगायतका सीमा समस्यामा सन् १९८१ देखि नै दुवै देशका अधिकारीको बेलाबखत कुराकानी भइरहेको हो । सन् २०१४ मा नेपाल भारत संयुक्त आयोगले यी दुवै विवादित क्षेत्रलाई परराष्ट्र सचिवस्तरबाटै समाधान गर्ने पहलकदमी गर्ने निर्णय पनि गरेकै हुन् । तर त्यसको एक वर्षपछि नै चीन र भारतले नेपाली भूमि लिपुलेक र कालापानी हुँदै द्विपक्षीय व्यापार करिडोर बनाउने सम्झौता गरे । कालापानी प्रकरणमा यो नेपालको पछिल्लो कूटनीतिक असफलता थियो । दशकौंदेखि दुवै देशको सम्बन्ध सुधारमा बल्झिरहने घाउ बनेको कालापानी विवाद सुल्झाउन झनै ढिलाइ हुँदै गइरहेको छ । कालापानी समस्या समाधान गर्न इतिहासकै अनुकूल समय छ अहिले । देशभित्र वि.सं. २०१५ सालपछिको सर्वाधिक जनाधारसहितको केपी ओली नेतृत्वको कम्युनिस्ट सरकार छ । कालापानी प्रकरणमा प्रधानमन्त्रीलाई सबै दल र जनताको समर्थन छ । ओली आफैंसँग भारतीय नाकाबन्दीसँग भिडेको अनुभव छ । आन्तरिक राष्ट्रिय एकता बलियो छ । अर्को पक्ष भूराजनीतिक उचाइ हो । नाकाबन्दीपछि चीन र भारत दुवै छिमेकीसँग समदुरीको सम्बन्ध स्थापित गर्न सफल नेपालले पछिल्लो समय अन्तर्राष्ट्रिय कूटनीतिमा आफूलाई देखिने सुनिने स्थानमा पुऱ्याएको छ । यसले पनि सरकारलाई शिर ठाडो पारेर भारतसँग कुरा गर्ने आत्मविश्वास दिलाएको छ ।

नेपाल र भारतको सुगौली सन्धि लगत्तै सुरु भएको सीमा स्तम्भ राख्ने प्रयासको परिणाम दुवै देशको सिमानामा करिब ८ हजार ५ सय ५४ वटा साना ठूला पिलर रहेको बताइन्छ । तर करिब १८ सय किलोमिटर सिमानामध्ये ६ सय किलोमिटर सप्तकोशी, नारायणी र महाकालीमा पर्ने र ८ हजार ५ सय ५४ झन्डै दुई हजार चार सय सीमास्तम्भ यी नदीमा मात्र बनाउनुपर्ने नेपालको बाध्यता रह्यो । स्याटलाइट र नयाँ भूमान प्रविधि नआइसकेकाले त्यसबखत बनेका सीमा स्तम्भहरुको संरक्षण हेरचाह मर्मत गरिनुपर्थ्यो । खोलाले धार बदल्नु, सीमा स्तम्भ बनाउनु र भारतीय पक्षले सीमा स्तम्भ भत्काइदिनु जस्ता कार्यले नेपाल भारतबीच ७१ देखि ८३ स्थानमा सीमा विवाद देखिएको छ । सिमाना आफैंमा एक जटिल विषय भएकाले विवाद देखिनासाथ दुवै पक्ष बसेर तत्काल सल्टाउनुपर्ने हो । कालापानीका सन्दर्भमा भारत सरकारलाई कूटनीतिक नोट पठाएर ओली सरकार चुपचाप बसेको छ ।

सरकारले अहिलेसम्म कालापानी समेटिएको आधिकारिक राजनीतिक नक्सा सार्वजनिक गरेको छैन । प्रधानमन्त्री ओली नक्साको के कुरा कालापानी नै सरकारले फिर्ता लिन्छ भनिरहेका छन् । यसअघि पनि उनले भारतलाई आफ्ना सेना फिर्ता लान आह्वान नगरेका होइनन् । तर भारतले अझै कालापानीमाथिको दाबी छोडेको छैन । लिम्पियाधुरा समेटेर देशको नक्सा बनाउन सरकार उदासीन देखिएको छ । भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेक समेटेर नक्सा जारी गरेको चार महिना बितिसक्दा पनि ओली सरकारले यी भूभाग समेटेर नक्सा नल्याउनु राष्ट्रियतामाथि गम्भीर खेलबाड गर्नु हो । जनस्तरबाट निर्माण गरी मन्त्रीलाई दिइएको लिम्पियाधुरा सहितको नक्सा मन्त्रीकै कार्यकक्षबाट गायब गरिनुले सरकार सीमा विवादमा गम्भीर छैन भन्ने सन्देश प्रवाहित भइरहेको छ ।

## माले...

अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय, रातोपुल, काठमाडौंमा बस्यो । बैठकले लिएका केही समसामयिक निर्णयहरूलाई सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

पार्टी स्थायी कमिटी सदस्य तथा पूर्व भूमिसुधार तथा व्यवस्था मन्त्री क. डम्बर श्रेष्ठ बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिशेष अदालतमा दायर गरेको मुद्दा सम्बन्धित सबै कागजातहरूको अध्ययन गर्दा यो बैठक निम्न निष्कर्षमा पुगेको छ :

तत्कालिन प्रधानमन्त्रीको पहल तथा निर्देशन र भौतिक योजना तथा निर्माण मन्त्रालयको योजनामा बालुवाटारस्थित विशिष्ट ब्यक्तिहरूको निवासको परिसर बिस्तार गर्ने सम्बन्धी प्रस्ताव मन्त्रीपरिषद्मा पठाइएको र त्यस कार्यमा भूमिसुधार मन्त्रालयको संलग्नता र सहमति नरहेको देखिएको छ । भूमिसुधार मन्त्री आफ्नो गृहजिल्लामा गएको मिति २०६६/१२/२९ मा सो प्रस्ताव मन्त्रीपरिषदबाट पारित भई कार्यान्वयनमा पठाइएको देखिन्छ । मन्त्रीपरिषदले उक्त दिन गरेको निर्णयलाई भूमिसुधार मन्त्रालयले आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने ठहर गरी सो काम गर्नको निम्ति २०६७/१/२७ मा मन्त्रीपरिषदमा प्रस्ताव पठाएको र चार दिन पछि त्यसलाई मन्त्रीपरिषदले पारित गरी सम्वन्धित सरकारी निकायबाट लागु गरिएको बिषयमा दोषी करार गरी अख्तियारले बिशेष अदालतमा मुद्दा दायर गरेको छ । क. श्रेष्ठलाई लगाइएको आरोपबाट सफाइ पाउनु पर्ने ठहर गर्दै अदालती प्रकृयाको सम्मान गर्ने र क.डम्बर श्रेष्ठको निर्दोषिता प्रमाणित गर्न पार्टीले आवश्यक सहयोग गर्ने निर्णय समेत गरेको छ ।

हुवेइ प्रान्तको उहान शहरबाट फैलिएको नोबेल कोरोना भाईरस (कोड-२०१९) को महामारीलाई रोक्नको निम्ति चीन सरकारले युद्धस्तरमा चालेका कदम र प्रयासहरूको यो बैठक सह्राना गर्दछ । उक्त प्रयासमा मित्रराष्ट्र चीनलाई छिट्टै पूर्ण सफलता मिलोस् भन्ने कामना समेत गर्दछ । त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीहरूको चीनमै आवश्यक रेखदेख र संक्रमणबाट बचावट गर्ने चीनीयाँ सरकारले आश्वस्त बनाउदा बनाउदै संरक्षक र बिद्यार्थीहरूको मागलाई सम्मान गरी नेपाल सरकारले स्वदेशमा ल्याउने कार्य गरेको छ । यहाँ ल्याईएका ती विद्यार्थीहरूको स्वास्थ्य परिक्षण तथा आवश्यक उपचार र संभावित संक्रमणको भरपर्दो रोकथाम गर्न सरकार जिम्मेवार र गम्भीर बनोस भनी यो बैठक जोडदार माग गर्दछ ।

बैठकले पार्टीका केन्द्रीय सल्लाहकार समिति सदस्य, दाङ जिल्लाको तुल्सीपुर उमनपा-१५, धमकापुर निवासी कमरेड रत्नलाल थारुको यही २०७६ फागुन २ गतेका दिन दम रोगको उपचारका क्रममा नेपालगन्ज नर्सिङहोममा ७४ बर्षको उमेरमा भएको असामयिक तथा आकस्मिक दुखद निधनमा शोक प्रस्ताव पारित गरेको छ । यो बैठक दिवंगत कमरेड रत्नलाल थारुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै वहाँका शोकसंतप्त श्रीमती रामप्यारी चौधरी र पाँच छोराहरू तथा अन्य परिवार एवम् आफन्तजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

## सभ्यता सिकाउने...

मन्त्री बाँस्कोटाले अब सार्वजनिक मञ्चबाट कमिसन प्रकरणसम्बन्धी अडियो बारेमा आफ्नो स्पष्टीकरण दिनुपर्छ ।

नेपाल एजेण्ट विजय प्रकाश मिश्रबीच भएको 'कमिसन डिलिङ' को सम्पूर्ण फाइल मगाइएको छ । खरिद गर्न अघि मन्त्री बाँस्कोटा अध्ययन भ्रमणका लागि गएका थिए । सञ्चार सचिव दीपक सुवेदी, सुरक्षण मुद्रण केन्द्रका प्रमुख कार्यकारी अधिकृत विकल पौडेलसँग लेखा समितिले जानकारी लिएको थियो । तर उनीहरुले राम्रो जवाफ नदिएपछि समितिका सदस्यहरुले आक्रोश पोखेका थिए । उनीहरुलाई सम्पूर्ण बुझेर आउन निर्देशन दिइएको छ ।

सरकारले सुरुमा स्वीस कम्पनीलाई दिने भनिए पनि पछिल्लो समयमा जर्मनी कम्पनीलाई दिन लागिएपछि अडियो सार्वजनिक भएको बताइएको छ । यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीले सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटालाई बालुवाटार बोलाएर छलफल गर्ने भएका छन् । सञ्चार मन्त्री बाँस्कोटाको विवादास्पद अडिओ सार्वजनिक भएकोबारे प्रधानमन्त्रीले जानकारी लिन लागेका हुन् । प्रधानमन्त्री ओली र नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच आजै भएको भेटमा पनि यस विषयमा छलफल भएको स्रोतले बताएको छ ।

## प्रतिष्ठानद्वारा...

गर्ने भैरव बोरिङ निर्माण उपभोक्त समिति घोडाघोडी नगरपालिका वडा नं ८ दिपनगरलाई प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले हालै एक लाखको चेक प्रदान गर्नु भई औपचारिक रुपमा जडान भएको बोरिङ मेसिन उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु भयो । त्यसै गरी दांग जिल्लाको प्रिगाउमा रहेको महेश्वर शिव मन्दिरको रंगरोगन तथा मन्दिर परिसरमा रहेको प्रतिक्षालयको छाना ढलान गर्ने कार्यको लागि अध्यक्ष ढकालले उक्त मन्दिर व्यवस्थापन समितिका प्रतिनिधि महेन्द्र शाहलाई गत बुधवार एक लाखको चेक प्रदान गर्नु भयो । त्यसै गरी सोही दिन प्रसाईं कल्याणकारी समाजद्वारा शिवरात्रिको अवसरमा संचालन गरिने स्वास्थ्य शिविरको व्यवस्थापन खर्चको लागि भनेर रु ५ हजार अध्यक्ष ढकालले समाजका कोषाध्यक्ष कुलप्रसाद प्रसाईंलाई हस्तान्तरण गर्नुभयो ।

## सरकारले...

सडक बनाउने जस्ता गैर कुटनीतिक कार्य भइराखेको टुलुटुलु हेरेर बस्नु परेको छ । हुदा खाने जनताको प्रत्यक्ष सरोकारको विषयमुल्य वृद्धिले आकास छोएको छ । त्यसमा ओली सरकारले दिएको राहतखोइ ? केही कुरामा मुलुक आत्मनिर्भर भएको भन्दै गर्दा महङगी किन बढेको छ ? यसको खोजी कहा भयो जसले प्रत्यक्ष निमुखा जनतासँग सरोकार राख्दछ ।

रोजगारीको सिर्जना भयो भन्दै गर्दा किन अझैपनि सयौ युवाहरु दिनदिनै विदेश गइ राखेकाछन त ? शान्ती सुरक्षा सन्तोषजनक भएको दावी गरिरहदा जनवादीक्रान्ती गर्ने भन्दै बन्दुक बोक्न तम्सीएको समुहलाई विर्सन सकिन्छ र ? उत्साहजनक आर्थिक वृद्धि भएको होला र त नेताहरुको जीवनस्तर निकै माथी आउदैछ । विवादिद परियोजना एमसिसिको बारेमा संसदबाट अनुमोदन हुने जिकीर ओलीको थियो । तर यसको अध्ययन प्रतिवेदन नै वाहिर नआइ यसका पक्षमा बोल्नु के राम्रो थियो त ? ओलीले जति नै उपलब्धीका बखान गरेपनि जनताले अनुभव गर्ने उपलब्धीको प्रभाव दिन चुकेकै हुन ।

सामान्य स्वास्थ्य परिक्षणकालागि एउटा गतिलो अस्पताल नभएको ठाउमा सभा हल र भियु टावर बनाएर के को उपलब्धी हुने । हाम्रो चाहना त देशका सबै जिल्लामा चिल्ला सडक मात्रहुन । पिच भएका सडकपनि महिना दिनमै नभत्कीउन, लत्ताकपडा, खाद्यान्य, फलफुल, पेट्रोलियम पदार्थ, मासुमंस लगायतका दैनिक उपभोग्य बस्तु सस्तो मुल्यमा प्राप्तहोस । जस्तो रोग लागेपनि सहज रुपमा सस्तोमा गुणस्तरीय उपचार पाइयोस । देशका कुनाकुनामा विजुलीले झलमलहोस । आफ्नो दक्षता र क्षमता अनुसारको रोजगारीबाट कोही पनि वन्चीत हुन नपरोस । उद्योग व्यवसाय चलाउन सरकारको साथ र सहयोग रहोस ।

अहिले उत्पादन भइराखेको दुई किसिमको जनशक्तीलाई विस्तारै एकै किसिमको बनाउन शिक्षाले भुमिका खेलोस । सार्वजनिक शिक्षा र स्वास्थ्यको स्तर बढदै जाओस । निजामती क्षेत्रको कार्य चुस्त र दुरुस्ता अनुभव गर्न पाइयोस । सार्वजनिक यातयातको अनुसासन व्यवहारमा देख्न पाइयोस । हरेक श्रमिकले सहज रुपमा दक्षता अनुसारको ज्याला पाउने वातावरणबनोस । बहकीएर हैन प्राथमिकताका आधारमा विकासका योजना तर्जुमाहोस । आफ्नै क्षेत्र र जिल्लाका आधारमा नभइ आम आवश्यकताका आधारमा हरेक विकासका योजनाबनुन । सरकारलाई कर छली गरेर रातारात धनीहरुको सम्पत्ती छानविन गरी राष्ट्र्यकरणगर्नमा सरकारले काम थालोस ।

दलित जनजाती पिछडीएको वर्ग लगायतको सबै तहमा सवै क्षेत्रमा समावेशी सहभागिताको थालनीहोस । निम्न आयस्तर भएका सबै निमुखा जनताकालागि सरकारले समान आवासको व्यवस्था गरोस । खेती योग्य जमिनमा पलटिङ गर्ने कार्यमा रोक लगाई सिचाइ तथा विउविजनको व्यवस्था गरी सरकारले खाद्यान्न उत्पादनमा ध्यान दियोस ।

सामुदायिक विद्यालयमा प्राविधिक र व्यवसायिक शिक्षाको सुरुवात देशैभरी होस । विदेश हैन नेपालमै श्रम गरेर आफ्नो मुलुकलाई माथी ल्याउन योगदान गर्नुपर्छ भन्ने भावना आमयुवामा सरकारले जागृत गरोस । कुनै पनि महिलाले बलत्कार र हिंसामा परेर मृत्युवरण गर्नु नपरोस । सडकजाममा फसेर एम्बुलेन्स भित्र विरामीको मृत्यु नहोस ।

सडकमा लेन अनुसासनमा कडाइ गरी सडक दुर्घटनामा कमी आवोस । हरेक सहरका मुख्य अखडाहरुमा सिसि क्यामेरा जोडिएका हुन जसले गर्दा अपराध गर्ने मौका कसैले नपाउन । निवार्ध रुपमा जुनसुकै पनि हिडडुल गर्न सक्ने अवस्थाहोस । सार्वजनिक जग्गा, संग्राहलय लगायत राष्ट्रीय महत्वका वस्तुहरुको पूर्ण रुपमा जगेर्ना होस ।